चीन अमेरिका शीतयुद्ध विश्वका लागि... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८०१६२६०२६, ९८०१६२६०२५ ०४१५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ •अंक ३५ •२०७७ साल असार ९ गते मंगलवार (23 June, Tuesday, 2020) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सांसद गिरिलाई स्पष्टीकरण सोधिने

**टुडे समाचारदाता**

काठमाण्डु ।समाजवादी पार्टीले सांसद सरिता गिरिलाई स्पष्टीकरण लिने निर्णय गरेकोछ ।सोमवार बसेको पार्टी पदाधिकारी बैठकमा सांसद गिरिले पार्टीको अनुशासन विपरित कार्य गरेकाले स्पष्टीकरण सोधिने निर्णय भएको उपमहासचिव प्रकाश अधिकारीले जनाए ।

लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटेर नेपालको नक्सा सरकारले सार्वजनिक गरेपछि निरन्तर त्यसको बिरोधगर्दै आएकी सांसद गिरिलाई पदाधिकारी बैठकले स्पष्टिकरण लिने निर्णय गरेको अधिकारीले बताए ।'पार्टीको व्हिपलाई सांसद गिरिले उल्लंघन गरेकी छन्' अधिकारीले भने, उनले चित्त बुझ्दो जवाफ नदिए पार्टीले कार्वाही अगाडी बढाउनेछ ।

संविधान संशोधनको पक्षमा सबै दलले सहमति जनाएपनि गिरि बैठक बाहिर निस्केर बिरोध प्रकट गरिन् ।तरपनि उनलाई कार्वाही गर्न नहुने पक्षमा पार्टीका सांसदहरु रहेका छन् ।

पार्टीको नीति विपरित गिरिले संसदमा संविधान संशोधन विधेयक बिरुद्ध अर्को संशोधन प्रस्ताव दर्ता गरेकी थिइन् ।

बैठकमा सांसद समेत रहेकी उपाध्यक्ष रेणु यादवले गिरिको बचाउ गरेकी थिइन् ।गिरिले दर्ता गराएकी संशोधन प्रस्तावलाई फिर्ता लिन पार्टीले दिएको लिखित निर्देशनलाई समेत उनले अवमानना गरेकी थिइन् ।

बैबाहिक नागरिकता सम्बन्धी ७ वर्षको प्रावधान बिरुद्ध सरकारको बिरोधमा तराईका जिल्लाहरुमा प्रदर्शन सशक्त बन्न थालेको बेला सांसद गिरिलाई कार्वाही गर्न नहुने समाजवादी पार्टीका कयौं सांसदले पार्टी नेतृत्वलाई सुझाव दिएका छन् ।

वर्तमान अवस्थामा सांसद गिरिलाई कार्वाही गर्नु पार्टीका लागि प्रत्युतपादक बन्न सक्ने उनीहरुले चेतावनी दिएका छन् ।

## प्रधानमन्त्रीको पुत्ला दहन

**टुडे समाचारदाता**

जनकपुरधाम ।नागरिकता विधेयकमा विदेशी बुहारीलाई ७ वर्षपछि नागरिकता दिने प्रावधानको बिरोधगर्दै सोमबारपनि प्रदेश २ को जिल्ला सदरमुकामहरुमा प्रदर्शन भएका छन् ।

संविधानको मर्म विपरित विदेशी बुहारीलाई ७ वर्ष निरन्तर नेपालमा बसोबास गरे मात्र बैबाहिक अंगीकृत नागरिकता प्रदान गरिने प्रावधान सहितको नागरिकता विधेयक संसदको राज्य व्यवस्था तथा सुशासन समितिबाट सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का सांसदहरुले बहुमतबाट पास गरेका छन् ।

त्यस बिरुद्ध जनता समाजवादी पार्टी (जसपा) का नेता/कार्यकर्ताले सोमबार साँझ जनकपुरधाममा प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला दहन गरेका छन् ।विभेदकारी विधेयकलाई नेकपाले नै पारित गरेकाले सो पार्टीका अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीको पुत्ला दहन गरिएको उनीहरुले बताए ।



स्थानीय भानु चोकमा जम्मा भएका जसपा निकटका महिला तथा युवाहरुले प्रधानमन्त्री ओलीको पुत्ला दहन गरेका हुन् ।

पुत्लादहन अघि प्रदर्शनकारीहरुले भानु चोकको मुख्यसडक जाम गरेर प्रधानमन्त्रीबिरुद्ध नाराबाजी गरेका थिए ।

उनीहरुले '७ बर्षपछि दिइने अंगीकृत नागरिकता विधेयक खारेज गर, नेपाल-भारतबीचको रोटी-बेटी सम्बन्ध अमर रहून, सहितका नारा लगाएका थिए ।

सरकार बिरुद्ध प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका भातृ संगठनहरुपनि सडकमा उत्रेका छन् ।सडकमा विरोध प्रदर्शनगर्दै काँग्रेसलेपनि नागरिकताको विभेदकारी बुंदालाई संशोधन गर्न माग गरेका छन् ।

राजनीतिक सहमतिमा बैबाहिक अंगीकृत नागरिकता सम्बन्धी अन्तरिम संविधान अनुसार बनेको कानुनलाई संशोधन गरिए राजनीतिक संकट आउन सक्ने चेतावनी दिएकोछ ।

जसपा र काँग्रेसले सरकार बिरुद्ध गर्न थालेको प्रदर्शन शान्तिपूर्ण रहेकोछ ।वीरगञ्ज महानगरपालिकामा पनि विरोध प्रदर्शन गरिएकोछ ।जसपाले जिल्ला सदरमुकामहरुमा प्रदर्शन र धर्ना दिएकोछ ।

## कोरोना भाइरस संक्रमितको संख्या ९५६१, संक्रमण ७६ जिल्लामा

**टुडे समाचारदाता**

काठमाण्डु ।नेपालमा कोरोना भाइरस (कोभिड-१९) संक्रमितको संख्या सोमवार दिउँसो सम्म ९ हजार ५ सय ६१ पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सोमवार ५ सय ३५ जनामा संक्रमण पुष्टि भएकोछ ।थपिएको संख्यासँगै संक्रमितको संख्या ९ हजार ५ सय ६१ पुगेको हो ।मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमका अनुसार आइतवार ४ सय २१ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो।

प्रवक्ता डा.गौतमले जनाए अनुसार संक्रमितहरु मध्ये २३ जनाको मृत्यु भएको हो ।

मन्त्रालयले आयोजना गरेको नियमित मिडिया ब्रिफिङमा प्रवक्ता डा. गौतमले रसुवा जिल्ला बाहेक मुलुकका सबै जिल्लाहरुमा कोरोना संक्रमित भेटिएको बताए ।गौतमका अनुसार संक्रमण देशको ७७ मध्ये ७६ जिल्लामा फैलिसकेकोछ ।

थपिएका नयाँ संक्रमितहरु मध्ये सप्तरीका १५ , धनुषाका १० , महोत्तरीका १, झापाका ३ , मोरङका १२, अछामका २ ,अर्घाखाँचीका ९ , बैतडीका १४ , डडेलधुराका १५, डोटीका ७ , गुल्मीका ५६ , जाजरकोटका १ , कैलालीका ५८ जना रहेको मन्त्रालयले जनाएकोछ ।

त्यसैगरि नवलपरासीका ५ , सर्लाहीका ४७ ,सिन्धुपाल्चोकका २ , सिरहाका २३, स्याङजाका ३३ , पाल्पाका ९०, प्युठानका ३०, रौटहटका ३४ , रुपन्देहीका १० , चितवनका ५ , नवलपरासी पूर्वका २४ , ओखलढुंगाका १ , तनहुँका ११ र दाङका १३ जना रहेका छन् ।

सोमवार सम्म नेपालमा कोरोना संक्रमणलाई जितेर २ हजार १ सय ४२ जना घर फर्केका छन् ।सोमवार मात्र ३ सय ७० जना निको भएर डिस्चार्ज भएका छन् । कोरोना विशेष अस्पताल दाङबाट ६ जना, प्रादेशिक अस्पताल सुर्खेतबाट ६ जना, कालिकोट अस्प्तालबाट २८ जना, दैलेख अस्पताल दुल्लुबाट २ सय ६५ जना, सल्यान अस्पतालबाट ३७ जना, नारायणी अस्पताल विरगञ्जबाट ११ जना र धादिङ अस्पतालबाट १७ जना डिस्चार्ज भएका हुन् ।

> **नेपालमा आरडीटी विधिबाट २ लाख ६८ हजार १ सय ३ नमुना परीक्षण भएका छन् । २४ घण्टामा ५ हजार ९ सय २९ आरडीटी परीक्षण भएका छन् । पीसीआर विधिबाट भने हालसम्म १ लाख ८१ हजार ३ सय ७१ परीक्षणहरु गरिएका छन् । २४ घण्टामा ६ हजार १ सय ९८ परीक्षण भएका छन् । हालसम्म क्वारेन्टाइनमा रहनेको संख्या ९० हजार ७३० जना रहेका छन् ।त्यसैगरी आइसोलेसनमा रहनेको संख्या ७ हजार २३१ जना रहेका छन् ।**

मन्त्रालयका अनुसार सोमबारसम्म नेपालमा आरडीटी विधिबाट २ लाख ६८ हजार १ सय ३ नमुना परीक्षण भएका छन् । २४ घण्टामा ५ हजार ९ सय २९ आरडीटी परीक्षण भएका छन् । पीसीआर विधिबाट भने हालसम्म १ लाख ८१ हजार ३ सय ७१ परीक्षणहरु गरिएका छन् । २४ घण्टामा ६ हजार १ सय ९८ परीक्षण भएका छन् ।

हालसम्म क्वारेन्टाइनमा रहनेको संख्या ९० हजार ७३० जना रहेका छन् ।त्यसैगरी आइसोलेसनमा रहनेको संख्या ७ हजार २३१ जना रहेका छन् ।

यसैगरि प्रदेश २ मा हाल सम्म संकलित ३९ हजार ४ सय २५ स्वाब मध्ये ६ हजार ४ सय ९९को नतिजा अझै आउन बाँकी छ ।प्रदेशमा ३ हजार २९ जना कोरोना भाइरस संक्रमित रहेको समाजिक विकास मन्त्रालयले जनाएकोछ ।

मन्त्रालयका अनुसार ९ हजार २ सय ७९ जना क्वारेन्टाइनमा र १५ हजार ४ सय ५० जना होम क्वारेन्टाइनमा रहेका छन् ।८ सय ३८ जनाको आइसोलेसनमा उपचार भइरहेकोछ ।प्रदेश २ मा १ हजार ४५ जना कोरोना भाइरसको संक्रमणबाट निको भएर घर फर्केका छन् ।

मन्त्रालयका अनुसार कोरोना भाइरसको संक्रमणबाट सर्वाधिक प्रभावित रौतहट जिल्लामा १ हजार ७९, सर्लाहीमा ५ सय ९८, महोत्तरी ५ सय ३५, धनुषामा २ सय ५७, पर्सामा १ सय ५३, सप्तरीमा १ सय ५१, सिरहामा १सय ४६ र बारामा १ सय ७ जना रहेका छन् ।

NOVEL CORONA VIRUS (COVID-19)
सर्वसाधारणको लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी


नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?
नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

कोरोना भाइरस छिट्टै सम्पर्क हुने स्थानहरु
१. सिनेमाहल २. अस्पताल
३. विद्यालय, कलेज ४. सपिङ मल
५. सार्वजनिक यातायात ६. वृद्धाश्रम
७. व्यवस्त गल्ली ८. सभा, जुलुस भएको स्थान
९. होटेल रेष्टुराँ १०. तरकारी तथा मासु बेच्ने ठुला ठाउँहरु आदी ।
काम नपरे सम्म यस्ता स्थानहरुमाा नजाऔं, जान परेमा माक्स हेण्ड स्यानीटाइजर आदिको प्रयोग गरौं, घर फर्के पछि घर बाहिर वा अलग कोठामाा कपडा फेरेर तथा साबुन पानीले हात धोएर मात्र भान्सा, बैठक कोठामा जाने गरौं ।

कसरी सर्छ कोरोना भाइरस
१. खोक्दा, हाछ्यु गर्दा निस्कने र्‍याल, थुक तथा सिंगानबाट ।
२. फोहोर हातको सम्पर्कबाट ।
३. राम्रोसंग नपाकेको माछा तथा पशुपंक्षीहरुको मासुबाट ।
४. कोरोना भाइरसबाट प्रभावित व्यक्तिको संसर्गबाट ।
नोबेल कोरोना भाइरस मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो। यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वासको संक्रमण गराई मानिसको मृत्यु गराउन सक्छ । नेपाल यो रोग संक्रमणको उच्च जोखिममा रहेको हुँदा रोग फैलन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अवलम्बन गर्न आम जनसमुदायहरुमा हार्दिक अनुरोध गर्दछौं ।

नोबेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नगराइन नगरपालिका
नगराइन, धनुषा, प्रदेश नं. २



'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन लक
निरन्तर १८ घण्टा
अहाँक सँग





सुझाव आ प्रतिकृयाकलेल
०४१-५९०१०१
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# आफूखुशी शुल्क नलिन निजी विद्यालयलाई शिक्षा मन्त्रालयको निर्देश

काठमाण्डु। निजी लगानीका विद्यालयले अनलाइन कक्षा र नयाँ भर्नाका नाममा आफूखुशी शुल्क लिन थालेपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हाल त्यस्तो कार्य नगर्न/नगराउन निर्देश गरेको छ।

निजी विद्यालय सञ्चालकका संस्थाले अभिभावकलाई सामाजिक दूरी काय गरी माथिल्लो कक्षामा विद्यार्थीको अभिलेखीकरण गराई बक्यौता शुल्क बुझाउन आज सार्वजनिक आग्रह गरेका थिए। शिक्षा मन्त्रालयले कोरोना महामारी र बन्दाबन्दीको विद्यमान विषम स्थितिमा निजी लगानीका विद्यालयले भोग्नुपरेका समस्याका बारेमा विधिसम्मत निरुपणका लागि सम्बन्धित पक्षसँग परामर्श जारी रहेकाले हाल कुनै शुल्क लिन नमिल्ने स्पष्ट गरेको हो।

मन्त्रालयका प्रवक्ता एवं सहसचिव दीपक शर्माद्वारा आज जारी विज्ञप्तिमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार सेवा र कार्यबाहेकका विद्यालय सम्बद्ध गतिविधि स्थगितको आदेश कायम रहेको अवस्थामा 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' को विपरीत हुने क्रियाकलाप सञ्चालन नगर्न, नगराउन सम्बन्धित सबैमा जानकारी गराइएको छ।

गत जेठ १८ गते जारी सो निर्देशिकामा वैकल्पिक विधिको सिकाइका लागि शुल्क लिने कुनै व्यवस्था छैन। उक्त निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या भएका सम्बन्धित स्थानीय तहसँग परामर्श गर्न मन्त्रालये भनेको छ। नेपालको संविधानबमोजिम माध्यमिक तह (कक्षा १ देखि १२)




को सञ्चालनको क्षेत्राधिकार स्थानीय तहमा दिइएको छ।

गत वैशाखदेखि नयाँ शैक्षिकसत्र सञ्चालन हुनुपर्नेमा बन्दाबन्दीका कारण सरकारको निर्णयका आधारमा यही असार १ गतेदेखि सबै सामुदायिकसहित सबै प्रकारका विद्यालयमा वैकल्पिक माध्यमबाट सिकाइ सञ्चालन भइरहेको छ। सामुदायिक विद्यालयमा निःशुल्क अनलाइन तथा दूर शिक्षाको पढाइ भइरहेको छ।

निजी लगानीका विद्यालयले हरेक शैक्षिकसत्रको तीन महिनाअगावै आफूले लिने शुल्क प्रस्ताव गरी सम्बन्धित तहबाट स्वीकृत गराउनुपर्छ भने हालको बन्दाबन्दीमा सरकारको निर्णयविना विद्यालय सञ्चालन र आफूखुशी शुल्क लिन पाउँदैन। अधिकांश निजी विद्यालयले हरेक वर्ष सरकारको शुल्क निर्धारण मापदण्ड र निर्देशनविपरीत अभिभावकसँग आफूखुशी चर्को शुल्क लिने गरेको गुनासो आउने गरेको छ। हाल मुलुकभर करिब छ हजार ५०० निजी विद्यालय सञ्चालित छन्।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) का अध्यक्ष टीकाराम पुरी र राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन (एन प्याब्सन) का अध्यक्ष ऋतुराज सापकोटाद्वारा आज संयुक्तरुपमा विज्ञप्ति जारी गरी अभिभावकलाई शुल्क बुझाउन आग्रह गरिएको थियो। ती संस्थाले बन्दाबन्दीमा अनलाइनबाट कक्षा सञ्चालन हुन थालेकाले निःशुल्क वा अत्यन्त न्यून शुल्कमा सिकाइलाई निरन्तरता दिइएको तर शुल्क नलिँदा आफूहरुलाई कठिनाइ परेको जनाएको थियो। सरकारले अनलाइन कक्षा सञ्चालनबापतको शुल्क लिनेबारे हालसम्म कुनै निर्णय नगरेको स्थितिमा उक्त आग्रहको आलोचना भएको थियो। सरकारले गत चैतमा एक महिनाको शिक्षण शुल्क मिनाहा गर्न पनि निजी विद्यालयलाई निर्देश गरेको थियो।

प्याब्सन र एन प्याब्सनले विद्यालयको भाडा तिर्न नसकिएको, शिक्षक तथा कर्मचारीको तलब, बैंकको ऋणको साँवा, व्याज र किस्ता बुझाउन नसकिएको स्थितिमा सरकारले उद्योगसरह कुनै राहत प्याकेजमा आफूहरुलाई समावेश गर्नुपर्ने माग गर्दै आएको छ।रासस

# प्रदेश अस्पतालका पाँच स्वास्थ्यकर्मीमा कोरोना

सुर्खेत। कालागाउँस्थित प्रदेश अस्पतालका पाँच स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ। अस्पताल प्रशासनका अनुसार क्वारेन्टिनमा बसेका ४२ जना स्वास्थ्यकर्मीको पिसिआर विधिबाट गरिएको परीक्षणबाट पाँच जनामा सङ्क्रमण पुष्टि भएको हो।

अस्पतालका निर्देशक डाक्टर डम्बर खड्काका अनुसार आकस्मिक कक्षमा उपचार गराइरहेका तीन जना बिरामीमा कोरोना पोजेटिभ देखिएपछि उनीहरूको नजिक रहेर काम गरिरहेका ४२ जना स्वास्थ्यकर्मीलाई क्वारेन्टिनमा राखिएको थियो। गत जेठ ३१ र ३२ गते आकस्मिक कक्षमा भर्ना भएका दैलेखका दुई र सुर्खेतका एक जना बिरामीमा कोरोना पोजेटिभ देखिएको थियो। ती बिरामीको उपचारमा संलग्न स्वास्थ्यकर्मी क्वारेन्टिनमा थिए। उनीहरुलाई हाल प्रदेश अस्पतालकै आइसोलेशन कक्षमा राखिएको छ।

पोजेटिभ देखिएकामध्ये चार जना प्रयोगशाला तथा एक जना भने एक्स-रे कक्षमा कार्यरत हुन्।

अस्पतालका निर्देशक खड्काले स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण भएपछि केही घण्टा सिल गरिएको आकस्मिक सेवा भने हाल सञ्चालन भइसकेको बताउनुभयो। कर्णालीमा एकैपटक यति धेरै संख्यामा स्वास्थ्यकर्मीलाई कोरोना सङ्क्रमण देखिएको यो पहिलोपटक हो।रासस

# अग्निसाईर कृष्णासवरन गापाको छैटौं गाउँसभा सम्पन्न

**बृजमान तामाङ**

बीरेन्द्र बजार। सप्तरीको अग्निसाईर कृष्णासवरन गाउँपालिकाको छैटौं गाउँसभा सोमबार सम्पन्न भएको छ। आर्थिक बर्ष २०७७र०७८ को नीति, कार्यक्रम तथा बजेट पारित गर्दै गाउँ सभा सम्पन्न भएको हो। गाउँपालिका अध्यक्ष पर्शुराम चौधरीको अध्यक्षतामा आयोजित गाउँसभामा उपाध्यक्ष मिना चौधरीद्वारा प्रस्तुत ४९ करोड २१ लाख ५१ हजारको नीति,कार्यक्रम तथा बजेट सर्वसम्मत पारित भएको छ।




उपाध्यक्ष चौधरीले प्रस्तुत गरेको निति तथा कार्यक्रममा भौतिक पुर्वधार,आर्थिक बिकास, बिपद,सामाजिक बिकास तर्फ शिक्षा, स्वास्थ्य र कृषी बिधुतिकरणलाई प्राथमिकतामा राखेको छ। सभामा वडा ३ का अध्यक्ष अरुण कुमार चौधरीले आर्थिक बिधेयक र वडा नम्बर २ का अध्यक्ष पशुपति प्रसाद चौधरीद्वारा प्रस्तावित बिनयोजन बिधेयक संशोधन सहित पास भएको जनाएको छ। गाउँसभाले सितापुर स्वास्थ्य संस्थामा सुत्केरी गाराउनेलाई निशुल्क र बाहिरा लानुपर्नेलाई ५० प्रतिशत शुल्क छुट गरि एम्बुलेन्स सेवा प्रदान गर्ने निर्णय गरेको छ।

गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख जागेश्वर खड्गाद्वारा संचालित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत धिरेन्द्र प्रसाद यादवले नीति, कार्यक्रम र बजेट बारे प्रकाश पारेका थिए भने स्वागत वडा नम्बर ४ का अध्यक्ष तेज नारायण यादवले गरे।

# शैक्षिक संस्था बन्द अवस्थामा शुल्क नतिर्न अभिभावकलाई नेविसङ्घको आग्रह

काठमाण्डु। नेपाली काँग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घले शैक्षिक संस्था पूर्णरुपमा नखुलेसम्म विद्यालयमा कुनै पनि शुल्क नतिर्न अभिभावकलाई आग्रह गरेको छ। नेविसङ्घका अध्यक्ष राजिव ढुङ्गानाले सोमबार एक विज्ञप्ति जारी गरी बन्दाबन्दीका कारण घरमै सीमित भएर बसेका विद्यार्थीलाई शैक्षिक शुल्क चुक्ता गर्न लगाउनु हास्यास्पद कुरा भएको बताउनुभयो। कोरोना सङ्क्रमणका कारणले तीन महिनौँदेखि मनोवैज्ञानिकरुपमा समेत त्रसित, तनाव र दबाब झेलिरहेका विद्यार्थीका अभिभावकलाई यस अवधिको शैक्षिक शुल्क चुक्ता गर्न लगाउनु भर्त्सनायोग्य छ, उहाँले भन्नुभयो।

नेविसङ्घका महामन्त्री दीपक भट्टराईले शिक्षा मन्त्रालयको वैशाख २२ को मन्त्रिस्तरीय निर्णयलेसमेत अर्को निर्णय नभएसम्म कुनै पनि तहको भर्ना नगर्नु, नगराउनु भन्ने आदेश गरे पनि विद्यालय सञ्चालकले दिएको छ।रासस

# कोरोना उपचार कोषमा दुई अर्ब ३४ करोड

काठमाण्डु। सरकारले कोरोना सङ्क्रमण नियन्त्रण उपचार कोषमा हालसम्म रु दुई अर्ब ३४ करोड ८१ लाख ३७ हजार सङ्कलन भएको जानकारी दिएको छ। प्रतिनिधिसभा सार्वजनिक लेखा समितिको आजको बैठकमा उक्त कोषबाट हालसम्म रु २८ करोड ६७ लाख ५८ हजार निकासा भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव नारायणप्रसाद विडारीले जानकारी दिनुभयो।

सरकारको प्रणालीबाट विनियोजिन र केन्द्रीय बजेट प्रणाली, प्रदेश सरकार र स्थानीय तहको समग्र लेखाको अद्यावधिक खर्चको विवरण भने केही दिनमा समितिसमक्ष प्रस्तुत गर्ने सो अवसरमा जानकारी दिइयो। सरकारले मुलुकका १७६ स्थानीय तहलाई रु १३ करोड २२ लाख ५६ हजार तथा भारत सीमा नजिक रहेका होल्डिङ सेन्टर सञ्चालन गर्दै आएका स्थानीय तहलाई रु दुई करोड ७७ लाख २३ हजार उपलब्ध गराएको छ।

**पिसिआर परीक्षण शुल्क पाँच हजार ५००**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव लक्ष्मण अर्यालले कोरोना पहिचानका लागि हुने स्वाबको पिसिआर



परीक्षण शुल्क पाँच हजार ५०० कायम गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, विश्व स्वास्थ्य सङ्गठनको निर्देशिकासँग मिल्ने गरी उपचार प्रद्धति र क्वारेन्टिन नीतिमा परिवर्तन गर्न लागेका छौं, उपचारमा लाग्ने खर्च घटाउन प्रयत्न भइरहेको छ।

मुलुकमा हाल सञ्चालनमा २३ वटा प्रयोगशालाबाट प्रतिदिन सात हजार ५०० को दरले स्वाब परीक्षण भइरहेको छ। मन्त्रालयले कूल जनसंख्याको दुई प्रतिशतलाई स्वास्थ्य परीक्षणका लागि आवश्यक समाग्रीको व्यवस्थापन गरेको छ।

**संकलन गरिएको २० हजार स्वाब परीक्षण गर्न बाँकी**

सरकारले कोभिड-१९ पहिचानका लागि निजी क्षेत्रलाई सङ्कलन गरिएको स्वाब परीक्षण गर्ने जिम्मेवारी दिने तयारी गरेको छ। अहिले कोभिड-१९ को पहिचानका लागि सङ्कलन गरिएको करिब १८ देखि २० हजार स्वाब परीक्षण गर्न बाँकी नै रहेको स्वास्थ्य मन्त्रालयका सचिव अर्यालले जानकारी दिनुभयो।

कोभिड-१९ को रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि आवश्यक स्वास्थ्य सामग्री खरिदका लागि आगामी ११५ दिनको कार्ययोजना व्यवस्थापनको तयारीमा रहेको उहाँले जानकारी दिनुभयो। सरकारले समान खरिदमा अब सेनाले होइन स्वास्थ्य मन्त्रालयले नै गर्ने अरु विपद्, उद्धार र राहतको काम भने सेनाले गर्नेछ।

सरकारले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको अस्पतालका अतिरिक्त डडेलधुरा, प्रदेश नं ५, धौलागिरि अस्पताल, प्रदेश नं १ मा पनि कोभिड-१९ परीक्षण प्रयोगशाला राख्ने तयारी गरेको छ। उक्त स्थानमा प्रयोगशाला रहेपछि दैनिक १५ हजारसम्म परीक्षण हुनेछ।

कोभिड-१९ को जोखिमको पाटोलाई दृष्टिगत गरी हाल एक हजार क्षमताको भेन्टिलेटरसहितको सघन उपचार कक्ष प्रबन्ध गरिएको मन्त्रालयले जानकारी दिएको छ। सातवटै प्रदेशमा अक्सिजन प्लान्टको व्यवस्था गरिएको छ। चीनबाट निजी क्षेत्रले खरिद गरिएको औषधि ढुवानीका लागि प्रयोग भएको नेपाल वायुसेवा निगमको भाडाबापतको रु एक करोड ४५ लाख रकम भुक्तानी हालसम्म भइनसकेको जानकारी दिइयो।

**स्वास्थ्य सामग्रीको गुणस्तर किन परीक्षण खोई– सांसद**

यसअघि बैठकमा विरोध खतिवडाले शुरुआतीका दिनमा स्वास्थ्य सामग्री खरिद गर्ने भनी अनुमति पाए पनि ल्याउन नसकेको कम्पनीलाई कालो सूचीमा राख्ने एवं आयात गरिएका सामग्रीको भ्याट र भन्सार मिनाह गर्ने तथा विदेशबाट ल्याइएका समग्रको गुणस्तर परीक्षण गर्ने कार्य के कसरी भएको छ भनी प्रश्न गर्नुभयो। महामारी फैलिएका अन्य मुलुकका सरकार र कर्मचारी बिरामीको अवस्था देखेर रुवावासी गरेको देखिए पनि हाम्रो देशमा यस्तो बेलामै खरिदमा अनियमिता हुँदा जनताले के बुझ्छन्। रासस

# सेती नदी जलविद्युत् आयोजनाको निर्माण व्यवस्थापन हाइड्रो कन्सल्टले गर्ने

काठमाण्डु। सेती नदी जलविद्युत् आयोजनाको परामर्श सेवा तथा निर्माण व्यवस्थापन र सुपरिर्वेक्षणको काम हाइड्रो कन्सल्ट इञ्जिनीयरिङले गर्ने भएको छ। भिजन लुम्बिनी ऊर्जा विकास कम्पनी लिमिटेडले कास्कीमा निर्माण शुरु गरेको २५ मेगावाट क्षमताको आयोजनाको निर्माणलाई थप प्रभावकारी बनाउन र गुणस्तरमा ध्यान दिन हाइड्रो कन्सल्टको सहभागिता महत्वपूर्ण हुने प्रवर्द्धक कम्पनीले विश्वास लिएको छ।

द्विपक्षीय सम्झौतामा भिजन लुम्बिनी ऊर्जा विकास कम्पनी लिमिटेडका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेल, हाइड्रो कन्सल्टका प्रमुख कार्यकारी अधिकृत मनोहर श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ। परामर्श तथा निर्माण व्यवस्थापनका लागि भिजन लुम्बिनीले हाइड्रो कन्सल्टलाई रु पाँच करोड ५५ लाख ४१ हजार ५०० बराबरको रकम उपलब्ध गराउने छ। निर्माण कार्यमा कुनै सम्झौता नगर्ने, आयोजनाको सबै काम प्रभावकारीरुपमा गर्ने तथा अन्य व्यवस्थापकीय कामका लागि सो रकम खर्च हुनेछ।

आयोजनालाई हरेक कोणबाट सबल, गुणस्तरीय बनाउने ध्येयका साथ आफूहरुले हाइड्रो कन्सल्टसँग सम्झौता गरेको अध्यक्ष पोखरेलले जानकारी दिनुभयो। कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलाको भराभरीमा निर्माण गर्न लागिएको सो आयोजनाको निर्माण कार्य गत वैशाख २२ गतेदेखि शुरु भएको हो। कूल रु पाँच अर्ब लगानीमा निर्माण गरिने आयोजनाको शुरुआतमा सिभिल निर्माणतर्फको सेटलिङ बेसिन ९पानी थिग्राउने पोखरी० खन्ने काम भइरहेको छ।

आगामी २७ महिनाभित्रमा आयोजना सम्पन्न गर्ने लक्ष्यअनुसार कोरोना सङ्क्रमणको त्रासका बीचमा समेत आवश्यक सुरक्षाका उपाय अवलम्बन गरेर काम शुरु गरिएको छ।

भराभरीमा आयोजनाको बाँध निर्माण गरी छ हजार ४०० मिटर लामो भूमिगत पाइप बिछ्याएर पोखरा महानगरपालिका-१९ सँग सीमा जोडिएको चिन्ते बगरमा निर्माण गरिने विद्युत् गृहमा १८७ मिटर उचाइबाट पानी खसालिनेछ। आयोजनाबाट उत्पादित विद्युत् चार किमी दूरीमा रहेको गाउँपालिकाको वडा नं ४ लाहाचोकमा निर्माणाधीन सवस्टेशनमा जडान गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ। आयोजनाको सिभिल वर्कको जिम्मा रसुवा लुना जेभीले पाएको थियो। रु एक अर्ब २० करोड लागतमा २७ महिनाभित्रमा सम्पन्न गर्ने गरी गत माघमा भौतिक निर्माणको जिम्मा रसुवाले पाएको हो।रासस

# नेपाल बैंकको पन्ध्र प्रतिशत चुक्ता पूँजी स्टक एक्सचेञ्जमा सूचीकृत

काठमाण्डु। नेपाल बैंक लिमिटेडले आफ्नो हाल कायम चुक्ता पूँजीको १५ प्रतिशतले हुने रकम नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको बोनश शेयरमा सूचीकरण गरेको छ।

सो बैंकको हालै सम्पन्न ६० औं वार्षिक साधारणसभाबाट स्वीकृत चालू आवसम्मको चुक्ता पूँजीबाट रु एक अर्ब ४७ करोड १६ लाख ७२ हजार २०० रकम बराबरको एक करोड ४७ लाख १६ हजार ७२२ कित्ता बोनस शेयर सूचीकरण भएको हो।

बैंकका प्रवक्ता प्रकाशकुमार अधिकारीद्वारा सोमबार जारी विज्ञप्तिमा बोनश शेयर अभौतिकीकरण (डिम्याट) भएपछि खातामा जाने भएकाले आफ्ना शेयरधनीलाई यथाशीघ्र खाता अद्यावधिकका लागि आग्रह गरिएको छ।रासस

# अन्तरराष्ट्रिय विमानस्थलमा १७ उडान

काठमाण्डु। मुलुकको एकमात्र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा सोमबार पनि एकैदिन १७ चार्टर्ड उडान भएका छन्। अन्तरराष्ट्रियतर्फ १० र आन्तरिकतर्फ सात यात्रु उद्धार तथा कार्गो उडान भएका विमानस्थल कार्यालयले जनाएको छ।

आज नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले बहराइनबाट १५० यात्रुको उद्धार गरी काठमाण्डु ल्याएको छ। त्यस्तै हिमालय एयरलाइन्सले पाकिस्तानको ईस्लामाबादबाट ७२ यात्रु ल्याएको छ। सोही एयरलाइन्सले माल्दिभ्सबाट १५६ यात्रु ल्याएको छ। जजीरा एयरले कुवेतबाट १६०, एयर अरेबियाले सारजहाबाट १६५ यात्रु काठमाण्डु ल्याएको विमानस्थलले जनाएको छ। हिमालयले चीनको कुम्लिंमा दुई कार्गो उडान गरेको छ।

सोमबार राति नेपाल एयरलाइन्सको वाइड बडी जहाज अष्ट्रेलियाको सिड्नी उडेको जनाइएको छ।रासस

## कागजात हरायो

मिती २०७७।३।१ गते सोमवारका दिन करिब बेलुकी ७:०० बजे जनकपुरधाम उपमहानगरपालिका वडा नं. १२ का वडाध्यक्ष ज्यूको घर नजिक मेरो निम्न व्यहोरा भएको सवारी चालक अनुमती पत्र, र ब्लु बुक हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्म ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।

**नाम : रमेश कुमार यादव**
**ठेगाना : नगराइन न.पा.-२, धनुषा**
**ब्लु बुक नं. : ज.७.प. ५०५९**
**सवारी चालक अनुमती पत्र : मोटरसाईकल**
**सम्पर्क नं. : ९८१९८८२५२७**


## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| वृष | : भ्रमण अवसर हुने। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन बृद्धि सञ्चय। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मापदण्ड विपरित सडक निर्माण भइरहेको आरोप

**दिपु मिश्र**

चन्द्रपुर । रौतहटको चन्द्रपुर नगरपालिका १ स्थित पौराई ब्रम्हस्थान जाने सडक कालोपत्रे कार्यमा ईष्टीमेट विपरीत कार्य गरिएको आरोप लागेको छ ।

जिल्लाकै एक प्रमुख पर्यटकिय स्थल मानिने पौराई ब्रम्हस्थान जाने सडक कालोपत्रे गर्ने कार्यमा मापदन्ड र प्राविधिक हिसावले तोकिएको भन्दा बिपरीत कार्य गरिएको स्थानीयको आरोप लागेको हो ।

२४ लाख रुपैयाँको लागतमा कालोपत्रे सडक निर्माण कार्य हुन लागेको हो । सो सडकको लम्वाई तीन सय २५ मिटर रहेको छ । सडक निर्माणमा ७० प्रतिशत नगरपालिका र ३० प्रतिशत जनसहभागिता सहितको साझेदारी रहेको चन्द्रपुर नगरपालिकाका ईन्जिनियर भरत श्रीवास्तवले जानकारी दिएका छन् । सडक निर्माण गर्दा गुणस्तरमा कुनै सम्झौता नगरिने ईन्जिनियर श्रीवास्तावले बताए ।

उपभोक्ता समिति र ठेकेदारको मिलोमतोमा काम मापदण्ड बिपरीत भएपछि अहिले



त्यहाँ काम रोकिएको छ । मापदण्ड अनुसार काम नभएपछि काममा अवरोध गरेको स्थानीय कान्छा लामाले बताए । उनका अनुसार ईष्टीमेट बमोजिम सब ग्रेडिङ्ग गर्नुपर्नेमा ग्रेडर मेशिन नै चलेन । ग्रेडिङ्ग नगरी ग्रेभल हाल्ने काम भयो । ग्रेभल हालेपछि रोलिङ्ग गर्न पानी अनिबार्य हुन्छ । तर यहाँ पानी बेगर नै सुख्खामा रोलर मेशिन चलाइयो । त्यसैले सडक निर्माण कार्य बन्द गरिएको हो ।

समिति गठन प्रकृया प्रति समेत असन्तुष्टि जनाउँदै आएका त्यहाँका स्थानीयले आर्थिक प्रलोभनमा समितिले कालोपत्र गर्ने काम ठेकेदारलाई दिंदा लापरवाही भएको स्थानीयको आरोप छ । प्राविधिक ईष्टिमेट बमोजिम काम गरेमा सडक निर्माणमा कुनै समस्या नरहेको अर्का स्थानीय रोशन लामाले बताए । यस सम्वन्धमा स्थानीयले नगरपालिका र वडामा जानकारी समेत गराएको उनले बताए । स्थानीयले नगरपालिकाको प्राविधिक र अनुगमन संयोजकलाई कामको अवस्था हेर्न आउन माग गरेको जनाइएको छ ।

यस विषयमा चन्दपुर नगरपालिकाको उपमेयर तथा अनुगमन संयोजक रामरती चौधरीले गुणस्तरहीन काम गरेको पाइएमा समितिलाइ रकम भुक्तानीमा सिफारस नदिने बताईन् । योजनाको रकम भुक्तानीमा नगरपालिकामा उपमेयरसहितका पाँच जनाको अनुगमनकर्ताको हस्ताक्षर हुनुपर्ने प्रावधान रहेको छ ।

# निजी शैक्षिक संस्थालाई शुल्क नलिन अनेरास्ववियूको आग्रह

काठमाण्डु । अनेरास्ववियूले निजी शैक्षिक संस्थालाई लकडाउनको अवधि जारी रहँदासम्म कुनै पनि शीर्षकमा शुल्क नअसुल्न आग्रह गरेको छ । अनेरास्ववियूका संयोजक ऐन महर र सहसंयोजक रञ्जित तामाङले आज विज्ञप्ति जारी गर्दै निजी तथा आवासीय विद्यालय सङ्गठन (प्याब्सन) राष्ट्रिय निजी तथा आवासीय विद्यालय सङ्गठन (एनप्याब्सन)लाई लकडाउनका समयमा कुनै पनि शीर्षकमा शुल्क नलिने आग्रह गर्नुभएको हो ।

आइतबार प्याब्सन र एनप्याब्सनले लकडाउनबीच पनि अनलाइन कक्षा सञ्चालन गरेको भन्दै शुल्क लिने भने अपिल जारी गरेका थिए । विज्ञप्तिमा प्याब्सन र एनप्याब्सनद्वारा विद्यार्थी र अभिभावकको ढाडसेक्ने गरी लकडाउनको कष्टकर बेलामा पनि शुल्क असुल्ने अभिप्रायस्वरुप जारी गरिएको अपिलप्रति अनेरास्ववियूको ध्यानाकर्षण भएको भन्दै कोरोना कहरका कारण लकडाउनले गर्दा विद्यार्थी र अभिभावक चौतर्फीरुपमा आक्रान्त भएका बेला हठात् शुल्क उठाउने निजी विद्यालय सञ्चालकको आह्वानप्रति भर्त्सनासमेत गरिएको छ

हामी सबैलाई थाहा छ यतिबेला लकडाउनका कारण मुलुकमा झण्डै ९० लाख विद्यार्थी शिक्षालय जानबाट रोकिएका छन् । अझ विद्यालय तहमा कलिला बालबालिका पढ्ने भएकाले कोरोना कहरका दृष्टिले विद्यालय क्षेत्र झनै संवेदनशील छ, विज्ञप्तिमा भनिएको छ, "यस्तो विषम परिस्थितिमा सरकारले लिएको नीति र विद्यार्थी अभिभावकले बेहोरिरहेको सङ्कटलाई पूर्णरुपमा बेवास्ता गरी एकतर्फीरुपमा शुल्क उठाउने आह्वान आपत्तिजनक छ ।

अनेरास्ववियूले कोरोना कहरको त्रासदी, अभिभावकको विकाराल अवस्था र विद्यार्थीको तनावपूर्ण मनोविज्ञानलाई पूर्णरुपमा उपेक्षा गरी विद्यालय बन्द रहेका बेला शुल्क माग्न गरिएको अपिललाई अवज्ञा गर्न अभिभावक र विद्यार्थीलाई आह्वान गरेको छ । विज्ञप्तिमा यसप्रकारको असान्दर्भिक र अव्यावहारिक निर्णय तत्काल फिर्ता लिनसमेत निजी विद्यालयसँग आग्रह गरेको छ । रासस

# मल आपूर्तिमा ध्यान दिन संघीय सरकारसँग मन्त्री साहको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ सरकारले खेतीको समयमा पनि किसानलाई मलका कारण समस्या भइरहेको भन्दै संघीय सरकारको ध्यानकर्षण गराएको छ ।

प्रदेशको भूमी, व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले सोमबार प्रेस बिज्ञप्ती जारी गर्दै मलको बारेमा संघीय सरकारको ध्यानाकर्षण गराएका हुन् ।

देशकै कुल उत्पादनमध्ये ३० देखि ४० प्रतिशतसम्म धान उत्पादन हुने प्रदेश २ मा अहिलेसम्म करिब २० प्रतिशत धान रोपाइँ भएको र अबको केहि दिनमा मनसुन आउने भएकाले रोपाइँका बेला पर्याप्त परिमाणमा डिएपी र युरिया चाहिने मन्त्रालयले सोमबार प्रेस बिज्ञप्ती जारी गर्दै भनेको छ ।

'यो कुराको बोध संघीय सरकारलाई समेत भएको हुनुपर्ने कुरामा म विश्वस्त छु' मन्त्री शैलेन्द्र साहले जारी गरेको बिज्ञप्तीमा भनिएको छ, "देशमा बर्षेणी ७ लाख मेट्रिक टन मल



आवश्यक रहकेमा ३ लाख मेट्रिक टन प्रदेश २ लाई मात्र चाहिने हुँदा मल आपूर्तिमा थप गम्भीरता अपनाउन आग्रह गर्दछु ।"

मन्त्री साहले मलको उपलब्धताका लागि मल कारखाना स्थापना गर्न पनि संघीय सरकारसँग आग्रह गरेको छ ।

प्रदेश २ मा धानबालीका लागि मात्र करिब १ लाख मेट्रिक टन मल आवश्यक रहेकाले अहिले संघ सरकारले प्रदेश २ लाई उपलब्ध गराउने मल पर्याप्त नहुने निश्चित रहेको जनाउँदै बिज्ञप्तीमा भनिएको छ, "रोपाइँपछि माथिबाट छर्कने बेला अझ बढी परिमाणमा मलको आवश्यक्ता हुन्छ ।

यस बिषयमा समेत हामीले संघ प्रशासनका सरोकारबालाहरुलाई अवगत गराएका छौं ।"

यसअघि संघ सरकारले बिभिन्न लटमा आपूर्ती गरेको मल प्रदेश २ मा कम मात्रामा आएको र अबको लटमा आउने भनिएको १२ हजार मेट्रिक टन मल प्रदेश २ मै खपत गराउने व्यवस्थाका लागि पनि बिज्ञीतीमा आग्रह गरिएको छ ।

'डिएपी युरिया पोटास भण्डारण गरी बढी मूल्यमा बिक्री बितरण गर्नेहरुको पहिचान गरी किसानलाई निर्धारित मूल्यमा सरल ढँगले मल उपलब्ध गराउनका लागि संघीय गृह प्रशासनको गम्भीरता आवश्यक छ' मन्त्री साहले बिज्ञप्तीमा उल्लेख गरेका छन् ।

# एउटाको गर्भ, अर्कोसँग विवाह

राजविराज । एक १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-३ सकरपुराका २५ वर्षीय लालबहादुर मुखिया पक्राउ परेका छन् । तीन महिनाकी गर्भवती पीडितले आरोपितको बलात्कारबाट गर्भ रहेको भन्दै जिल्ला प्रहरी कार्यालयमा गत मङ्गलबार दिएको उजुरी दर्ता गरी आरोपितलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनाएको छ ।

बालिकाले गाईबस्तुका लागि घाँस काट्न खोलाको चौरीतिर गएको बेला एक्लै भएको मौका पारी लालबहादुरले भुइँमा लडाई बलात्कार गरेको र उनकै गर्भ रहेको बताएपछि कारवाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय, सप्तरीका प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताए । विवाहित लालबहादुर एक छोरा र एक छोरीका बुबा हुन् । पीडितको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा स्वास्थ्य परीक्षण तथा भिडिओ एक्सरे गरिएको छ ।

यसअघि गाउँमा भएको पञ्चेती (छलफल) ले गर्भवती बालिकाको विवाह वैशाख २८ गते गाउँकै १८ वर्षीय बालकसँग गरिदिएको स्थानीय गीता देवले बताइन् । "उतिबेला गाउँमा भएको पञ्चेतीमा बालिकाले एउटाको गर्भ रहेको बताउनुभयो, अहिले लालबहादुरको गर्भ भन्दै उजुरी दिनुभयो", देवले भनिन, "यसरी कुरो फेरेपछि गाउँभरि तनाव बढेको छ ।"

पीडितले गाउँको भेलामा पञ्चेती गर्ने बचाई मुखिया र किसुन मुखियाले सिकाए अनुसार आफूले उतिबेला झुटो कुरा बोलेको बताएपछि अनुसन्धानका लागि प्रहरीले पञ्चलाई समेत आइतबार नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको थियो ।

बालिकाको बयानका आधारमा दुई जना पञ्चलाई समेत सोधपुछका लागि ल्याइएको र उहाँहरूलाई तारेखमा रिहा गरिएको प्रनाउ भारतीले जानकारी दिए । प्रनाउ भारतीले लालबहादुरविरुद्ध बलात्कारको उजुरी दर्ता गरी थप अनुसन्धान थालिएको बताए । बलात्कारको उजुरी दर्ता भएपछि अहिले पञ्च बालिकाको बयान परिवर्तन गराउन र बालिकाको विवाह आरोपितसँग गराई दिन सक्रिय भएका छन् । रासस

# एघार विधामा आइसिटी अवार्ड हुने, अनलाइन नोमिनेशन शुरू

काठमाण्डु । सूचना प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्डका रूपमा स्थापित आइसिटी अवार्डको पाँचौं संस्करणको अनलाइन नोमिनेशन (आवेदन) सोमबारदेखि शुरु भएको छ । 'लिभिङविथ आइसिटी'को आयोजना र विभिन्न सरकारी तथा निजी संस्थाको सहकार्यमा आयोजना हुने आइसिटी अवार्ड २०२० को अनलाइन आवेदन आगामी साउन १६ गतेसम्म खुला गरिएको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । यस वर्ष विभिन्न ११ विधामा आइसिटी अवार्ड आयोजना हुनेछ । कोभिड-१९ महामारीका कारण आइसिटी अवार्ड यस वर्ष केही समय ढिला हुन गएको छ । हरेक वर्ष १७ अगस्टमा आयोजना हुने अवार्डको फिनाले कार्यक्रम यस वर्ष केही समय ढिला हुनेछ । अनलाइन आवेदनको मिति सकिएपछि समय र अवस्था हेरेर अवार्डको फिनाले मिति घोषणा गरिने आइसिटी अवार्ड २०२० का संयोजक राजन लम्सालले बताउनुभयो ।

उहाँका अनुसार ११ विधाका अवार्डमध्ये इन्नोभेसन इन क्राइसिस रेसपोन्स आइसिटी अवार्ड र वुमन आइकन आइसिटी अवार्ड थप गरिएका नयाँ विधा हुन् । स्टार्टअप आइसिटी अवार्ड, प्रडक्ट आइसिटी अवार्ड, राइजिङ स्टुडेन्ट आइसिटी अवार्ड विधा इन्नोभेसन, प्रडक्ट र स्टार्टअपसँग सम्बन्धित अवार्ड विधाहरू हुन् ।

यसैगरी पायोनियर आइसिटी अवार्ड, नेपाली डायस्पोरा आइसिटी अवार्ड, आन्टरप्रेनर आइसिटी र मिडिया पर्सन आइसिटी अवार्ड व्यक्तिलाई प्रदान गरिने अवार्डका विधा रहेका छन् ।

डिजिटल गभर्नेन्स आइसिटी अवार्ड सरकारी संस्था र डिजिटल एजुकेशन आइसिटी अवार्ड सामुदायिक शैक्षिक संस्थानलाई प्रदान गरिने अवार्ड विधा रहेका छन् । सन् २०१६ देखि शुरु भएको आइसिटी अवार्डमा विभिन्न विधामा गरेर अहिलेसम्म ३० बढी व्यक्ति, संस्था, कम्पनी तथा प्रडक्ट सम्मानित भइसकेका संस्थाले विज्ञप्तिमार्फत जनाएको छ ।

यस वर्ष अवार्डको छनोट प्रक्रियालाई व्यवस्थित र सहज बनाउन १२ जना जुरी सदस्य र १० बढी जुरी सल्लाहकार सदस्य रहेका छन् । छनोट प्रक्रिया विभिन्न चरणमा हुनेछ । स्टार्टअप, प्रडक्ट, स्टुडेन्ट प्रोजेक्ट र इन्नोभेसनमा विभिन्न चरणबाट उत्कृष्ट पाँच छान्दै अनलाइन तथा एसएमएस भोटिङ पनि सञ्चालन हुनेछ भने अन्य विधामा जुरी समूहले विभिन्न चरणमा छनोट प्रक्रिया सञ्चालन गर्नेछन् । अवार्डलाई निष्पक्ष, व्यवस्थित र अझ परिष्कृत बनाउने तयारी गरिएको संयोजक लम्सालले बताउनुभयो ।

अवार्ड विजेतालाई विशिष्ट सम्मानसँगै शिल्ड प्रदान गरिनेछ । स्टार्टअप, प्रडक्ट, स्टुडेन्ट र इन्नोभेसनका विधाका विजेतालाई गत वर्ष झैं बैंकको सरल कर्जा र लगानीसँग जोडिनेछ । अवार्डमा नोमिनेशन तथाआवेदनदिनकालागिआधिकारिक वेबसाइट ष्अतबधबचमा। यचन मा गएर सम्बन्धित विधा (क्याटेगोरी) अनुसार अनलाइन फारम बुझाउनुपर्नेछ ।रासस

# सोती मुद्दामा वादी र जाहेरीवालातर्फका वकिलको सकियो बहस

सुर्खेत । सोती मुद्दामा रुकुम जिल्ला अदालतमा थुनछेक बहस जारी छ । शुक्रबारदेखि शुरु भएको बहस आज पनि जारी रह्यो । थुनछेक बहस शुरु भएको तीन दिनमा वादी र जाहेरीवालातर्फका वकिलको बहस सकिएको छ । सोमबार बाँकी रहेका जाहेरीवालातर्फका सात वकिलको बहस सकिएसँगै वादी र जाहेरीवालातर्फका वकिलको बहस सकिएको रुकुम जिल्ला अदालतका स्रेष्तेदार कृतबहादुर बोहराले जानकारी दिनुभयो ।

उहाँका अनुसार वादी र जाहेरीवालातर्फबाट २३ वकिलले बहस गरेका छन् । पहिलो दिन शुक्रबार वादीका तर्फबाट पाँच सरकारी वकिल र दुई जाहेरीवालातर्फका गरी सात तथा आइतबार जाहेरीवालातर्फका नौ र आज जाहेरीवालातर्फकै सात वकिलले बहस गरेका हुन् । मङ्गलबार प्रतिवादीतर्फका वकिलको बहस शुरु हुने स्रेष्तेदार बोहराले बताउनुभयो । प्रतिवादीतर्फबाट सात वकिलले बहस गर्दै छन् । प्रतिवादीतर्फका वकिलको बहस मंगलबार नै सकिन सक्ने अदालतले जनाएको छ । मङ्गलबार नै थुनछेक बहस सकिएमा बुधबार थुनछेक आदेश आउन सक्ने आकलन गरिएको छ । रासस

# कालिकामाईमा रक्तदान

**लालबाबु बानिया**

पोखरिया । पर्साको कालिकामाई गाउँपालिका वडा नं. २ गदियानीमा सोमबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ । ब्रिलिएन्ट युवा क्लबले प्रशासकिय अधिकृत राजु साहले रक्तदान गरी उदघाटन गर्दैभने शहर केन्द्रित हुने रक्तदान कार्यक्रमहरु संस्थाले ग्रामिण भेगमा आयोजना गरेकोमा प्रसंसा समेत गरे ।




आयोजना गरेको रक्तदान कार्यक्रममा २ महिला सहित २३ जनाले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रम संस्थाको कार्यालय भेडिहारी गदियानीमा भएको भएको थियो ।रक्तदान कार्यक्रम को उदघाटन कालिकामाई गाउँपालिक को प्रमुख

उनले अझै पनि ग्रामिण भेगमा रक्तदान गर्न मानिसहरु डराउने गरेकाले ग्रामिण भेगमा आयोजना हुने रक्तदान कार्यक्रमले रक्तदाताहरुको संख्यामा वृद्धि हुने बताए ।

रक्तदान गर्ने हरु मा सिमा देबी,कुन्ती देबी, सुनिल कुमार रौनियार,जयप्रकास चौरसिया, ताजिन्द्र साह कलवार, सहरुम हवारी, संजित कुमार चौरसिया, आकाश चौरसिया,रामबिर चौर सिया, भुषण साह तेली, सुदिल कुमार,मुन्ना कुमार सुमन, पप्पु पटेल, सदाम हुसेन, ओमप्रकाश साह, भेष साह, लक्षमण साह,प्रमोद प्रसाद यादव, प्रभाकर साह, जितेन्द्र महरा, अजय यादव, लगायत ले रक्तदान गरेको आयोजक संस्थाका सदस्य शम्भु कुमार सुमनले बताए ।

रक्तदान कार्यक्रम संस्थाका अध्यक्ष छठु साह तेलीको अध्यक्षतामा सम्पन्न भएको छाबिश्वब्यापी रुपमा फैली रहेको कोरोना भाईरसबाट बचन लकडाउन को सम्यमा रगतको अभाव नहुन दिन रक्तदान कार्यक्रमको आयोजना गरि समाजिक दुरि कायम गरि रक्तदान गरिएको अध्यक्ष साहले बताए । रक्तदाताहरुलाई अध्यक्ष साह ले धन्यवाद दिदै प्रमाण पत्र समेत बितरण गरिएको थियो ।

रक्त संचार केन्द्र वीरगंजकी दिल्ली माया घिमिरे ,सुदिप पटेल,संदिप कुशवाहा, शेखर कुमार प्राविधिकहरुको टोलीले रक्तदान कार्यक्रममा सहयोग गरेका थिए ।

# प्रचार प्रसार कार्यलाई तिब्रता

**टुडे समाचारदाता**

लहान । विश्व व्यापी महामारीको रुपमा फैलिदै गएको नोबेल कोरोना भाइरसको सन्त्रास फैलिदै गएको बेला सबल नेपालले प्रचार प्रसारलाई तिब्रता दिएको आयोजक संस्था सबल नेपालका सामुदायिक परिचालक राजेश कुमार पासवानले जानकारी दिए ।

प्रचार प्रसारमा गाँउघरका




नियन्त्रण तथा रोकथामका लागि समसामयिक विषयमा सप्तरीको सुरुङ्गा नगर पालिकाका सर्वसाधारणलाई सचेतना फैलाउने कार्यलाई तिब्रता दिएको छ ।

सम्मुन्ती कार्यक्रम अन्तर्गत सेभ द चिल्ड्रेनको सहयोग तथा सबल नेपालको आयोजनामा सप्तरीको सुरुङ्गा नगर पालिकाको सम्पूर्ण वडाहरुमा माइकिङ्ग गरि सर्वसधारणका लागी विश्व व्यापी महामारीको रुपमा फैलिदै गएको कोरोना भाइरस अर्थात कोविड -१९ बाट बच्न तथा रोग फैलिन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अबलम्बन गर्न सर्वसधारणलाई प्रचार प्रसारमा अनुरोध गरि रहेको सबल नेपालका श्रवण कुमार पासवानले जानकारी दिए ।

# कोभिड १९ सङ्क्रमण भएका महिलाले स्तनपान गराउन सक्ने

काठमाण्डु । कोभिड- १९ को सङ्क्रमण भएका महिलाले बच्चालाई स्तनपान गराउन सक्नेछन् ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालका निर्देशक डा सङ्गीताकौशल मिश्रले आज स्वास्थ्य तथा जनस(्या मन्त्रालयमा गरिएको नियमित पत्रकार सम्मेलनमा बच्चालाई स्तनपान गराउँदा कोभिड- १९ नसर्ने भएकाले कोभिड- १९ भएका महिलाले पनि स्तनपान गराउनसक्ने बताउनुभयो ।

कोभिड भएको महिलालाई स्तनपानमा कुनै समस्या देखिएको छैन, कुनै पनि कारणले बच्चालाई स्तनपान गरायो भने बच्चामा कोभिड- १९ सर्दैन भन्ने अनुसन्धानबाट आएको छ, उहाँले भन्नुभयो, त्यही भएर कोभिड भएको महिलाले पनि आफ्नो बच्चालाई आरामले गराउन सक्नेछन् ।

उहाँले कोभिडसँग डराएर गर्भवती महिला नियमित स्वास्थ्य परीक्षण नगराएको भन्दै कोभिडसँग नडाई सतर्कता र सावधानी अपनाएर नियमित परीक्षण गर्न आग्रह गर्नुभयो । उहाँका अनुसार गर्भवती महिलाले तीन, छ, आठ र नौ महिनामा अनिवार्य स्वास्थ्य परीक्षण गराउनु पर्दछ ।

अस्पतालका निर्देशक डा मिश्रले बन्दाबन्दी कारण संस्थागत प्रसूति गराउने महिला घटेको समेत बताउनुभयो । उहाँले गर्भवती महिलालाई रक्तश्राव, पेट दुख्ने, बच्चा नचलेको, नियमित परीक्षण गर्नुपर्ने भन्दै उच्च रक्तचाप भएका बेलामा आखा धमिलो देख्नु, पेट दुखेमा तुरुन्त अस्पताल जान पनि सुझाव दिनुभयो । यसबाहेक १०४ डिग्रीभन्दा बढी ज्वरो आएकामा श्वासप्रश्वासमा समस्या भएमा पनि अस्पताल जानुपर्दछ ।

उहाँले प्रसूति गराउन अनिवार्यरुपमा स्वास्थ्य संस्थामा गर्नसमेत आग्रह गर्नुभयो । डेलीभरि भएपछि पनि पहिलो, तेस्रो, सातौं र २८औं दिनमा नजिकको स्वास्थ्य संस्थामा गई वा चिकित्सकसँग टोलिफोन गरी आफ्ना समस्या सामाधान गर्नुपर्ने उहाँको भनाइ रहेको थियो ।

मन्त्रालयले मातृ तथा नवशिशुलाई कोभिड- १९ सम्बन्धी मापदण्ड तयार पारेकाले त्यहीअनुसार स्थानीय अस्पतालले सुत्केरी महिलालाई सेवा दिइने उहाँले बताउनुभयो । अस्पतालले गर्भवती महिलालाई सेवाविमुख गराउन नपाउने उहाँको भनाइ थियो । महिलालाई नेपाल मेडिकल काउन्सिल र नेपाल मेडिकल एशोसिएसनले चिकित्सकको सूची नै जारी गरेर फोनमा नै परामर्श दिने व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो ।

**प्रसूति अस्पतालले के गर्दैछ ?**

उहाँले प्रसूति अस्पतालले कुनै पनि महिला अस्पतालमा आए उनीहरुलाई सेवा दिइरहेको बताउनुभयो ।

कोभिड १९ छैन भने उनीहरुलाई नियमित सेवा दिने र कोभिड भए छुट्टै राखेर सेवा दिएका छौं, उहाँले भन्नुभयो, हामीले हेल्पडेस्क स्थापना गरेर पनि सेवा दिइरहेका छौं ।

अस्पतालले बहिरंग सेवा, शल्यक्रिया, परिवार नियोजन सेवा नियमित दिइरहेको छ । अस्पतालका निर्देशक डा मिश्रले पाठेघरको सेवा पनि चाँडै सञ्चालन गर्न गइसकेको जानकारी दिनुभयो । उहाँले एम्बुलेन्स कहीं पनि सरकारले नरोकेकाले सुत्केरी महिलाले कुनै पनि एम्बुलेन्स प्रयोग गर्नसक्ने बताउनुभयो । काठमाण्डुमा १०२ र बाहिर १०० नम्बर डायल गरेर महिलाले एम्बुलेन्स सेवा पाउने उहाँले जानकारी दिनुभयो ।रासस

# रसुवाबाहेक सबै जिल्लामा कोभिड-१९ संक्रमण

काठमाण्डु । कोभिड- १९ को सङ्क्रमण सोमबार ५३५ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा ४६१ पुरुष र ७४ महिलामा सङ्क्रमण देखिएको बताउनुभयो ।

नयाँ सङ्क्रमितसँगै सङ्क्रमितको संख्या नौ हजार ५६१ पुगेको छ । तीमध्ये आठ हजार ६६७ पुरुष र ८९४ महिला रहेका छन् । उहाँले रसुवाबाहेक ७६ जिल्लामा सङ्क्रमण देखिएको बताउनुभयो । यसैगरी एक लाख ८१ हजार ३७१ जनामा पिसिआर र दुई लाख ६८ हजार १०३ जनामा आरडिटी परीक्षण गरिएको छ । पछिल्ला २४ घण्टामा पिसिआर छ हजार १९८ र आरडिटी पाँच हजार ९२९ जनामा गरिएको छ । यस्तै ९० हजार ३७० जना क्वारेन्टिन र सात हजार ७८९ जना आइसोलेशनमा रहेका छन् ।रासस

## बोलपत्र सिलबन्दी आव्हानको सूचना

प्राविधिक शिक्षा TSLC in Electrical Engineering का लागि Tools and Euuipments श्री मा.वि. सहसराम महोत्तरी विद्यालयलाई आवश्यक भएको हुनाले सिलबन्दी बोलपत्र आव्हान गरिएकोले सम्बन्धित व्यक्ति, संस्था, फर्म कम्पनीहरुले २०७७/०३/१५ गते सम्म विद्यालयमा उपस्थित भई फारम भर्नको लागि सबैलाई जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**राम राज साह**
**प्राधानाध्यापक**
**सम्पर्क नं. ९८४४१३२९४३**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

## नागरिकतादिँदा के बिग्रने हो ?

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी(नेकपा)को सकृयतामा बैबाहिक अंगीकृत महिलालाई ७ वर्ष सम्म नागरिकता नदिने विभेदकारी विधेयकलाई राज्यव्यवस्था तथा सुशासन समितिले बहुमतबाट पारित गरेकोछ ।नागरिकता सम्बन्धी उक्त प्रावधानले नेपलमा आउने विदेशी बुहारीले अब ७ वर्ष सम्म निरन्तर नै नेपालमा रहे मात्र नागरिकता पाउनेछन् ।७ वर्षमा उनी कुनैपनि सरकारी नियुक्ती, जागिर, विदेश भ्रमण लगायतका सुविधाहरु पाउन सक्नेछैन् ।श्रीमान् को मृत्यु भए उसको सन्तान नागरिकताका लागि बिचल्लीमा पर्नेछन् ।केहि कारणवस सम्बन्ध बिच्छेद भए समस्या झन बिकराल बन्नेछ ।अहिले विदेशी महिला बिहा गरेर नेपाल आउनासाथ उनले विदेशी नागरिकताको परित्याग गरे लगतै नागरिकता पाउने प्रावधान छ ।बिबाहदर्ता भएपछि विदेशी महिलाले माइत भएको देशको नागरिकता त्यागेको पत्र सम्बन्धीत देशलाई पठाउने वितिकै बैबाहिक अंगीकृत नागरिकता पाउछन् ।तर नेपालको संविधान अनुसार देशको विभिन्न सबैधानिक १० वटा पदमा नियुक्त हुन पाउँदैन् ।त्यो एक प्रकारले नराम्रो प्रावधानपनि होइन् ।तर अहिले ७ वर्ष सम्म नागरिकताका लागि कुराएर महिलाको भविष्यसित खेलवाड गर्ने कानुन बनाइनु दुखद नै हो ।पूर्वाग्रही भएर सत्तारुढ दलले भारतसितको रोटीबेटीको परापूर्वकालदेखिको सम्बन्धलाई भत्काउने प्रयास गरेकोछ ।सरकार र सत्तारुढ दल पूर्वाग्रही हुनुहुँदैन् ।नेपालमा विदेशी बुहारी आउने भनेको भारतबाट हो ।त्यो तराई मधेशमा मात्र नभै पहाड र हिमालमापनि आउँछन् ।मधेशी मुलका मात्र नभै पहाडी मुलका मानिसहरुपनि भारतमा बिहागरि श्रीमती नेपालमा ल्याउने गरेकाछन् ।यो नौलो र विवादको विषय होइन् ।सरकारले नेपाल र भारतबीच रहेको बेटीरोटीको सम्बन्धलाई बिगार्न खोजेको मात्र हो ।भारतीय महिला नेपालमा बुहारी बनेर आउँदा भारतको तर्फबाट वकालतगर्ने होइन् ।उनले भारतीय नागरिकता परित्याग गरेर नेपाली राष्ट्रियतालाई स्वीकारगर्दै नागरिकता प्राप्त गर्छन् ।विदेशी महिला बुहारीसित गरिएको यो विभेदलाई संविधानलेपनि मान्यगर्दैन् ।नेपालमा आउने विदेशी बुहारी भारतबाहेक प्रतिशतमा छैन् ।भारतीय बुहारीले नेपाली रैथाने महिलाहरुको हक खोसेको गलत होइन् ।तर त्यसको लागि विदेशी महिलासित बिहा नै सरकारले बन्द गराइदिए हुन्थ्यो ।सरकारले बैबाहिक अंगीकृत नागरिकताको हाल रहेको ऐन अनुसार नै नागरिकता उपलब्ध गराउनु पर्यो ?अन्यथा भारतसित रहेको बेटीरोटीको सम्बन्धलाई तोडदिनु पर्यो ।सरकारले कानुन नै बनाएर विदेशी बुहारीलाई नागरिकता नै नदिने प्रावधान राख्नु पर्यो ।त्यसोगर्दा नेपाली नागरिकसित भारतीय चेलीहरुले बिहा नै गर्नेछैन् ।नेपाल र भारतबीच राजनीतिक सम्बन्ध अहिले मधुर छैन् ।त्यस्तो बेला नागरिकता सम्बन्धी कानुनमा विभेदकारी संशोधन गरेर आगोमा घियू थप्ने कामगर्दै छ ।हुनत भारतीय चेलीको नेपालमा बिहा गर्नु कुनै बाध्यता छैन् ।तर कतिपय जातीमा भारतमा बिहा नगरे नेपालमा स्वजातिय बिहा नै नहुने अवस्थाछ ।यसमा नेकपाका मातृका यादव, प्रभु साहले आवाज उठाए जस्तै अन्य मधेशी नेताहरुले जोडदार आवाज उठाउनुपर्ने आवश्यकता छ ।

# विकल्प अनेक छन्, गर्न सक्ने शिक्षकले हो, त्यता ध्यान दिउँ



डा. देवीप्रसाद आचार्य

कोभिड-१९ का कारण चैत्र ६ गतेबाट बन्द शैक्षिक संस्थाहरु अझै पनि बन्द नै छन् । महामारीको अवस्था हेरी शैक्षिक सत्रको शुरुआत गर्ने प्रतिक्षामा रहेको सरकारले अन्ततः गत असार १ गतेबाट वैकल्पिक शिक्षा शुरु गरेको छ । शिक्षा मन्त्रीले विद्यार्थीको घरलाइ नै शिक्षालय बनाईएको भनेका छन् । रेडियो, टेलिभिजन, युट्यूव लगायतका प्रविधिहरुबाट विद्यार्थीले आफ्नो घरमा बसेर सिक्न सक्ने व्यबस्थाको शुरुआत भएको भनिएको छ । शैक्षिक सत्र शरु गर्ने तिथि मिति तय गर्ने अवस्था नभएको अहिलेको अवस्थामा राज्यको यो पहल कदमी सकारात्मक देखिन्छ ।

टेलिभिजन शिक्षाको सोंच र यसको उपयोग आधुनिक शिक्षाको एउटा प्रभावकारी माध्यम हो । अनलाइन शिक्षाको प्रयोग उच्च शिक्षा र अनुसन्धानको तहमा त धेरै पहिले देखि नै प्रयोग हुँदै आएको हो । तर, विद्यालय शिक्षामा भने अहिलेको कोरोना कहरले टेलिभिजन र रेडियोसंग जाड्ने वातावरणको सिर्जना गर्यो । कोरोना कहरले शिक्षामा प्रविधिको विकासलाई अवसर दिएको भएता पनि नेपालका विद्यालययहरुमा पढ्ने बाबालिकाहरुको प्रविधिको पहुँचको सम्बन्धमा चौतर्फी आवाजहरु उठ्ने गरेका छन् । प्रविधिको पहुँच नहुनेहरुका लागि राज्य चुप छ । वैकल्पिक विधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थीलाई कसरी सिकाइको दायरामा ल्याउने बिषयमा सरकारसंग कुनै ठोस योजना देखिंदैन ।

सरकारले कक्षा एक देखि उच्च शिक्षासम्म नै वैकल्पिक शिक्षा शुरु गरेको छ । यस अन्तरगत विभिन्न कक्षाहरुका तालिका बनाएर विद्यार्थीलाई सिकाइमा जोडिन अनुरोध पनि गरिएको छ । सरकारबाट सञ्चालित वैकल्पिक शिक्षा रेडियो, टेलिभिजन र स्मार्ट मोवाइलको माध्यमबाट समेत सिक्न सकिने भनिएको छ । तथापि यो शिक्षण सिकाइबाट देशका कति प्रतिशत विद्यार्थी लाभान्वित हुन सक्छन् ? सरकारले गृहकार्य गर्यो त ? गरेन । देशभरका कति प्रतिशत विद्यार्थीसंग वैकल्पिक विधिमा पहुँच छ ? कति प्रतिशत विद्यार्थी यसबाट वञ्चित हुन बाध्य छन् ? सरकारसंग तथ्यांङ्क छ त ? छैन ।

अहिले टेलिभिजन र रेडियो मार्फत सञ्चालन गरीएको वैकल्पिक सिकाइबाट धेरै विद्यार्थी वञ्चित हुने अवस्था छ । नेपालका हिमाल देखि तराइसम्मका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको ठूलो संख्याका बालबालिकाहरु वैकल्पिक शिक्षाको पहुँच भन्दा बाहिर छन् । शिक्षा तथा मानव स्रोत विकासको तथ्याङ्क अनुसार नेपालमा ३५ हजार ९ सय ९३ वटा प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक विद्यालयहरु सञ्चालनमा छन् । सरकारको वैकल्पिक शिक्षण सिकाइमा यो उमेर समुहका बालबालिकालाई संलग्न गराइएको छैन । यी बालबालिकाहरु वञ्चित समूह हुन् की होइनन् ?

वैकल्पिक शिक्षण सिकाइको परियोजना सञ्चालन गर्नको लागि राज्यले २५ करोड १८ लाख रुपियाँ विनियोजन गरेको छ । शिक्षा मन्त्रालयले पालिकाहरुमा रहेका विद्यालयका संख्याका आधारमा रकम पठाउने भनेको छ । पालिकामा भएका विद्यालयहरुमा वैकल्पिक शिक्षामा सहगागी हुन सक्ने र नसक्ने विद्यार्थीको पहिचान गरेर सोही आधारमा त्यहाँ अध्यापनरत शिक्षकहरु मार्फत उक्त रकम खर्च हुनु पर्ने थियो । विद्यालय बन्द भएको तीन महिनासम्म राज्यले वैकल्पिक शिक्षामा संलग्न हुन सक्ने र नसक्ने विद्यार्थीको तथ्याङ्क संकलन गरी पहुँच हुने र नहुनेका लागि व्यवहारिक शिक्षण सिकाइ योजना बनाउनु पर्दथ्यो । यसो गर्दा पालिकाका जनप्रतिनिधिहरु र स्थानीय शिक्षकहरुलाई काम दिइनु पर्दथ्यो । यसो गरिएन ।

> *टेलिभिजन शिक्षाको सोंच र यसको उपयोग आधुनिक शिक्षाको एउटा प्रभावकारी माध्यम हो । अनलाइन शिक्षाको प्रयोग उच्च शिक्षा र अनुसन्धानको तहमा त धेरै पहिले देखि नै प्रयोग हुँदै आएको हो । तर, विद्यालय शिक्षामा भने अहिलेको कोरोना कहरले टेलिभिजन र रेडियोसंग जाड्ने वातावरणको सिर्जना गर्यो । कोरोना कहरले शिक्षामा प्रविधिको विकासलाई अवसर दिएको भएता पनि नेपालका विद्यालययहरुमा पढ्ने बाबालिकाहरुको प्रविधिको पहुँचको सम्बन्धमा चौतर्फी आवाजहरु उठ्ने गरेका छन् । प्रविधिको पहुँच नहुनेहरुका लागि राज्य चुप छ । वैकल्पिक विधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थीलाई कसरी सिकाइको दायरामा ल्याउने बिषयमा सरकारसंग कुनै ठोस योजना देखिंदैन ।*

शहरी क्षेत्रका बालबालिकाहरुले यो शिक्षण सिकाइबाट फाइदा लिन सकेता पनि दुरदराजका धेरै विद्यार्थीले वैकल्पिक शिक्षण सिकाइको सुविधाबाट विद्यार्थी बञ्चित हुने पक्का छ । यसले प्रविधिको पहुँच हुने र नहुने विद्यार्थीको बिचमा सिकाइको अन्तर सिर्जना गर्ने छ । यसर्थ शैक्षिक सत्र शुरुहुने अवस्थाको निश्चितता नभएको अहिलेको स्थितिमा वैकल्पिक शिक्षण सिकाइको पहुँचबाट बाहिर रहेका विद्यार्थीलाई कसरी शिक्षण सिकाइ गर्न सकिन्छ भन्ने विकल्पमा अभ्यास गर्न ढिला गर्नु हुँदैन ।

अहिले शैक्षिक सत्र शुरु गर्ने तिथि मितिको टुङ्गो छैन । यस सन्दर्भमा वौकल्पीक शिक्षाको सुविधाबाट बञ्चित बालबालिकाको डाटा कलेक्सन गर्न पालिकाका शिक्षकहरुलाई जिम्मा दिइनु पर्दछ । शिक्षकहरुले आफूले पढाउने विद्यार्थीको बारेमा धेरै बुझेका हुन्छन् । जानेका हुन्छन् । अहिलेसम्म सबै गाउँहरु कोरोना महामारीको सङ्क्रमणले प्रभावित पनि छैनन् । यो स्थितिमा महामारीको अवस्था र विद्यार्थीको उमेर समूह, तह र आवश्यकता बुझेर ततअनुरुपको शैक्षिक सामाग्रीहरु निर्माण गरी घर घरमा पुर्याउने व्यवस्था गर्न सकिन्छ की ? सरकारी विद्यालयहरुमा क्वारेण्टाइन बनाईएकोले गाउँका पाटी, पौवा, चौतारी, खुल्ला चौर लगायतका ठाउँहरुमा सोसियल डिस्टेन्स राखेर विद्यार्थीसंग स-साना समूहहरुमा संवाद गर्न सकिन्छ की ? विद्यार्थीलाई घरमा नै बसेर सिक्नसक्ने खालको अभ्यास दिन सकिन्छ की ? विद्यार्थीले लेखेका सामाग्रीहरुलाई निश्चित ठाउँमा कलेक्सन गरी सातामा एक, दुई पटक चेकजाँच गरी पुन सिकाइ सामाग्री थप्ने व्यवस्था गर्न सकिन्छ की ? यस तर्फ राज्य, पालिका र शिक्षक प्राध्यापकहरुको ध्यान जान जरुरी छ ।

राज्यको व्यवहारिक कार्य योजना र शिक्षक, प्राध्यापकहरुमा विद्यार्थीको सिकाइमा चिन्ता र चासो हुने हो भने अहिलेको अवस्थामा वैकल्पिक शिक्षण सिकाइको सुविधाबाट बञ्चित विद्यार्थीका लागि पनि स्थानीय तह अनुरुपको स्थानीय पाठ्यक्रम निर्माण गरी सिर्जनशील कार्यका संलग्न गराउन सक्ने अनेक तरिकाहरु हुन सक्दछन् । शिक्षकहरुले पाठ्यपुस्तकका कतिपय पाठहरुसंग सम्वन्धित बिषयबस्तुलाई जोडेर मौलिक किसिमको शिक्षण सामाग्री तयार गर्न सकिन्छ । यसो गर्दा अहिले धान, मकै, कोदो लगायतका वालीहरु लगाउने र हुर्काउने मौसम छ । अर्थात् खेतिपातिको समय छ । प्रविधिको पहुँचबाट बाहिर भएका धेरैजसो बालबालिकाहरु पनि किसान परिवारसंग सम्बन्धित छन् । उनीहरुको लागि कृषि सम्बन्धी पुर्खौली औजारहरुको वैज्ञानिक अध्ययन गर्न लगाउन सकिन्छ । पुर्खाहरुले ती कृषि एवं पशुपालनसंग सम्बन्धित औजारहरु किन आविश्कार गरे ? कसरी गरे ? अहिले यिनीको प्रयोगको अवस्था कस्तो छ ? विज्ञान र प्रविधिको विकासले यिनीहरुको अस्तित्वमा कस्तो प्रभाव पारेको छ ? अब के गर्नु पर्ला ? यिनीहरुको आधुनिकीकरण अथवा रिस्प्लेसमेण्ट के गर्नु पर्ला ? भन्ने जस्ता विषयहरुको खोजीगर्न लगाएर विज्ञान विषयको शिक्षण सिकाइ गर्न सकिएला । विद्यार्थीले अभिभावकहरुसंग अनुसन्धान गर्ने होम स्कूलिङको विकास गर्न सकिन्छ ।

यसैगरी परिवारजनसंग खेतबारीमा संगसंगै काम गर्ने सामाजिक चिन्तनको विकासले सामाजिक शिक्षाको अध्ययनकमा टेवा पुग्छ । गाउँघरमा रहेका घरहरु, परिवार संख्या, पालिएका गाईबस्तु र पंक्षि लगायतको विषबस्तुमा आधारित अभ्यासले गणितमा सहयोग गर्ला । यसरी शिक्षालाई प्रकृतिवादी दार्शनिक रुशोले भनेजस्तो प्रकृतिसंग रमाएर सिक्न सकिने धेरै कुराहरु छन् । यसो गर्दा पालिका तहमा शिक्षक प्राध्यापकहरुको नेटवर्क पनि बनाउन सकिन्छ । एउटा विद्यालयले तयार पारेका साम्राग्रीहरु अर्को विद्यालयका विद्यार्थीलाई पनि प्रयोग गर्न र गराउन सकिन्छ । यसमा विद्यार्थीलाई निर्देश गर्ने कार्य योजनाको खाँचो छ । यो काम शिक्षकहरुले गर्न सक्दछन् । शिक्षकहरुलाई दायित्वबोध गराउने काम राज्यको हो ।

अन्त्यमा, सबै विद्यार्थीलाई विभिन्न तरिकाले शिक्षण सिकाइको पहुँच हुन सकेन भने राज्यले शुरु गरेको वैकल्पिक शिक्षाबाट सबै विद्यार्थी लाभान्वित हुन सक्ने छैनन् । वैकल्पिक शिक्षण सिकाइमा शिक्षकको प्रभावकारी सहभागिता नै उपयुक्त विकल्प हो ।

# कोरोना र मानसिकता



डा मुकेश जोशी

नेपाल लगायत सम्पूर्ण विश्व नै कोरोना महामारीको चपेटामा परेको अवस्था विदितै छ्र्र युरोप तथा अमेरिका जस्ता महाशक्ति राष्ट्रमा समेत यो भाइरसले ठूलो क्षति गरेको छ। हाल ती देशहरुमा भाइरसको प्रकोपमा केही कमी आएको देखिए तापनि नेपाल र अन्य विकासोन्मुख राष्ट्रहरुमा अहिले कोरोना तीब्र गतिमा बढिरहेको छ।

नेपालमा कोरोना संक्रमण छिटो फैलन नदिन सरकारबाट अपनाइएको लकडाउन अहिले केही कुखुलो बनाइएको छ। कोभिड महामारीका दौरान मैले पनि देशको लेवेल(२ हस्पिटलमा काम गरेको अनुभवका आधारमा यो रोगको अवस्थाबारे मानिसको विचार बुझ्न र नियाल्न पाएको छु। आफ्नो अनुभवको आधारमा केही लेख्ने जमर्को गरेको छु।

**नेपालमा कोरोनाको सुरुवात**

नेपालमा कोरोनाको पहिलो संक्रमण ९ माघ २०७६ मा देखिए पनि यसको त्रास जनता माझ चैत १० गतेबाट फैलिएको थियो, जब फ्रान्सबाट आएकी एक जना महिलामा संक्रमण पुष्टि भयो । तत्कालीन अवस्थामा चीन, इटाली, इरान जस्ता देशहरुमा यसको संक्रमण तथा मृत्युदर समेत बढिरहेको र छिमेकी राष्ट्र भारतमा पनि प्रभाव देखिइराखेको थियो।

यस दौरान सरकारले भारत र चीनसँग नाका सिल गर्ने, यातायत र हवाई यात्रामा रोक लगाउने, मानिसको भीड हुने ठाउँ जस्तैस होटेल, रेस्टुरेन्ट, स्विमिङ पूल बन्द गर्ने जस्ता कदम चालेर देशब्यापी रुपमा चैत ११ गते बाट लकडाउनको मोडालिटी ल्याएको थियो। आम जनमानसमा कोरोनको बारेमा जनचेतना फैलाउने काम तिब्रताका साथ भयो, जसका लागि फोन, सामाजिक सञ्जाल, रेडियो, टेलिभिजनले ठूलो भूमिका खेलेका थिए।

त्यस समयमा मानिसबीच एउटा त्रासको वातावरण पनि बनिरहेको थियो। किनभने देशमा कोरोनाको संक्रमण बढ्दो क्रममा थियो र विश्व चित्रमा भयानक रुप लिइसकेको थियो।

म पहिलो दिन कोरोना ज्वरो क्लिनिकमा काम गर्दा मनमा एक प्रकारको डर महसुस गरिरहेको थिएँ। कतिपय आफन्त र साथीभाइले त्रसित फोन गरेका र कतिपयले राजीनामा दिनसम्म सुझाव दिएका थिए।अझ त्रसित त तब भइयो, जब चैत १४ गते मैले काम गर्ने अस्पतालमा पहिलो संक्रमण पुष्टि भयो। जनतामाझ त्रास सिर्जना भएर हो वा चेतनाले, सुरुवाती केही दिन लकडाउनको पालना अनुशासित रुपमा भएको महसुस गरेको थिएँ। तर समय बित्दै जाँदा लकडाउनको अवस्था पनि खस्किँदै गएको थियो।

**हालको अवस्था**

आजको दिनसम्म आइपुग्दा औपचारिक लकडाउनलाई खुकुलो बनाउने भन्दै उद्योग, कलकारखाना, कार्यालय र बजार धेरै खुलिसकेको अवस्था छ। यसका साथसाथै भारत लगायतका अन्य देशमा रहेका नेपालीहरु स्वदेश फर्किने संख्या दिनप्रतिदिन बढ्दो छ। विदेशबाट आएका नेपाली नागरिकको उचित व्यवस्थापन गर्नुको साटो नेपालमा त्यस्ता नागरिकलाई न्यूनतम मापदण्ड नपुगेका क्वारेन्टाइनमा राखेको पाइन्छ। यस्तो अवस्थामा कोरोनाको टेस्ट धेरै हुनुपर्ने र कोरोना भएका र नभएका मानिसलाई छुट्याई सोहीअनुरुप उचित व्यवस्थापन हुनुपर्ने हुन्छ। बिडम्वना के छ भने सरकारले उल्टै टेस्टको दायरा घटाएको, क्वारेन्टाइन र अस्पतालमा उचित व्यवस्थापन मिलाउन नसकेको हुनाले स्वास्थ व्यक्तिमा पनि संक्रमण हुने र संक्रमणको संख्या वृद्धि हुने जोखिम देखिएको छ।

व्यवस्थापनको कमजोरीसँगै संक्रमण बढाउने अर्को कारण कोरोनाप्रति मानिसको मानसिकता हो। सुरुवाती अवस्थाबाट आजसम्म आइपुग्दा आम जनमानसमा कोरोनाप्रतिको सोच र धारणा धेरै परिवर्तन भएको पाइन्छ। अहिले मानिसले यस रोगबाट बच्न अपनाउनुपर्ने सामान्य सावधानीहरु जस्तैस भीडभाड नगर्ने, मास्क लगाउने, हात समय(समयमा धुने, दूरी कायम गर्ने जस्ता कार्य पनि नगरेको पाइन्छ।

हुन त नेपालमा कोरोनको संक्रमण र मृत्युदर अरु राष्ट्रको तुलनामा कम भएर त्यस्तो सोचको विकास भएको हुन सक्छ। तर सोच्नुपर्ने कुरा के हो भने नेपालमा टेस्ट नै कम भइरहेका कारण संक्रमितको संख्या कम देखिएको हुनसक्ने र हाम्रै घर समाजमा यो रोग जरा गाडेर बसेको नहोला भन्न सकिँदैन। सरकार र व्यवस्थापन पक्षबाट उचित सहयोग नभएको अवस्था रहिरहँदा आफ्नो मानसिकता र मनोबल पनि उच्च नभए यस कोरोना महामारीले भोलिको दिनमा विस्फोटक रुप लिन सक्छ।

अहिलेको तथ्यांक हेरेर यस महामारीलाई सामान्य रूपमा लिएर आफू तथा आफ्ना आफन्त, साथीभाइ र समाजलाई जोखिमा पार्नुभन्दा व्यक्तिगत तर्फबाट हुने सामान्य सावधानी (मुख र नाक छोप्नेगरी मास्क लगाउने र पटकपटक साबुनपानीले २० सेकेन्डसम्म हात धुने) मात्रै अपनाए पनि यस रोगसँग लड्ने एउटा महत्वपूर्ण अस्त्र हुनसक्छ ।

**सौजन्य :स्वास्थ यखबर**

# नेपाल–भारत सीमा विवादः वार्ताको सम्भावना कति छ ?

**बीबीसी**

नेपालको परराष्ट्र मामिलालाई नजिकबाट नियाल्ने दुई विज्ञले तत्कालै नेपाल र भारतबीच सीमा विवादका विषयमा वार्ता हुने सम्भावना नभएको बताएका छन्।

प्राध्यापकद्वय श्रीधर खत्री र ध्रुव कुमारले संविधान संशोधनपछि सीमा विवाद अप्ठेरो चरणमा प्रवेश गरेको बताउँछन्।

नेपालले हालै संविधान संशोधन गर्दै देशको पश्चिमी सिमाना लिम्पियाधुरासम्म कायम गरेको नक्सालाई देशको निशान छापमा समावेश गर्ने निर्णय गरेको थियो।

केही पहिले भारतीय रक्षामन्त्रीले उत्तराखण्डको पिथौरागढ जिल्लालाई नेपालले दाबी गरेको भूभागमा लिपुलेकसम्म जोड्ने सडक उद्घाटन गरेपछि नेपालले राजनीतिक र प्रशासनिक नक्सालाई अद्यावधिक गरेको थियो।

नेपालको नयाँ नक्सालाई नयाँ दिल्लीले काठमाण्डूका तर्फबाट 'कृत्रिम रूपमा गरिएको भूमि अतिक्रमण'को सङ्ज्ञा दिएको छ।

नेपालले भारत प्रशासित कश्मीरको हैसियत समाप्त गरेपछि कालापानी सहितका क्षेत्र समेटेर नक्सा जारी भएपछि गएको नोभेम्बर महिनादेखि वार्ता गर्ने प्रयास गरेपनि दिल्लीले सकारात्मक जवाफ नदिएको बताउँदै आएको छ।

राजनीतिशास्त्रका अवकाशप्राप्त प्राध्यापक तथा दक्षिण एशियाली नीति अध्ययन केन्द्रका पूर्वकार्यकारी निर्देशक श्रीधर खत्री संविधान संशोधन प्रकियाले पूर्णता पाएसँगै सीमा विवाद अझ अप्ठेरो चरणमा प्रवेश गरेको बताउँछन्।

उनले भने, "प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट नक्सा पारित गरेर हामीले दह्रो राजनीतिक अभिव्यक्ति दियौं।""हामीले राष्ट्रपतिलाई उक्त संशोधन विधेयक हस्ताक्षर नगर्न अनुरोध गरेर दह्रो कूटनीतिक सन्देश पनि दिन सक्थ्यौं र त्यसले वार्ताको ढोका खोल्न पनि सक्थ्यो।"

"तर हाम्रोमा देश भावनात्मक मनस्थितिमा रह्यो र हामीले तार्किक र युक्तिसङ्गत छलफल गर्न सकेनौं। संविधान संशोधन गरेर हामीले समस्याको पोको खोलिदियौं।"

खत्रीका अनुसार अद्यावधिक नक्सालाई संविधानको अङ्ग बनाइएकाले उक्त देशको मूल कानुनको प्रावधान नै तेश्रो देशसँगको सम्वादमा हुने लेनदेनको विषयवस्तु बन्न पुगेको छ।

उनी भन्छन्, "संविधान देशको लागि पवित्र दस्तावेज हो र यसका प्रावधान अन्य कुनै देशसँगको लेनदेनको विषय बनाइनुहुँदैन।"



राजनीतिशास्त्रका अर्का अवकाशप्राप्त प्राध्यापक ध्रुव कुमार पछिल्लो निर्णयसँगै नेपाल 'पछि हट्न नसक्ने अवस्थामा' पुगेको बताउँछन्। उनले भने, "सम्भवतस यही कारणले भारत नेपालसँग वार्तामा बस्न पनि इच्छुक छैन।"

"तर पहिला पनि उसले यस्ता प्रक्रियालाई लम्ब्याउने गर्दै आएको थियो। यसको प्रभाव वार्ताको टेबलमा बसेर एउटा सम्झौतामा नपुगुन्जेल गतिरोधको अवस्था कायम रहिरहनसक्छ।"

नेपालसँगको सीमा विवाद उत्कर्षमा पुगिरहेकै समयमा अघिल्लो साता भारतीय र चिनियाँ फौजबीच लद्दाख क्षेत्रमा झडपहरू हुँदा कम्तीमा २० जना भारतीय सैनिकले ज्यान गुमाएका थिए।

त्यसअघि गएको फेब्रुअरीमा पुञ्च सेक्टरमा पाकिस्तानी फौजले गोलाबारी गर्दा एक भारतीय सैनिकको मृत्यु भएको र तीन घाइते भएका विवरण आएका थिए।

प्राध्यापक खत्री पहिलो पटक भारतले चीन, पाकिस्तान र नेपाल तीनै क्षेत्रबाट एकैचोटी अप्ठेरोको सामना गरिरहेको बताउँदै नेपाल कम प्राथमिकतामा पर्ने ठान्छन्।

राजनीतिशास्त्री ध्रुब कुमार भारत र चीन सैन्य मूठभेडतर्फ उन्मुख हुँदा दुवै शक्तिराष्ट्रको भूरणनैतिक संवेदनशिलतालाई ध्यान दिएर कूटनीति सञ्चालन गर्न नेपाललाई अप्ठेरो हुने बताउँछन्।

उनी भन्छन्, "सन् १९६२ मा चीनसँगको युद्धपछि पञ्चायतसँग हिमचिम बढाएजस्तै गरी चीनसँगको तनावका कारण भारत नेपालको भौगोलिक दाबीप्रति नरम हुन्छ भनेर हामीले सोच्नुहुँदैन।"

भारतीय विदेश मन्त्रालयले नेपालले जारी गरेको नयाँ नक्साले ऐतिहासिक तथ्य र प्रमाणलाई बेवास्ता गर्दै आफ्नो देशको भूगोल मिचेको बताउँदै आएको छ।

नेपालले चाँहि सन् १८१६ मा तत्कालीन ब्रिटिश इण्डिया कम्पनी र भारतबीच भएको सुगौली सन्धिले महाकाली नदीलाई सीमा नदी कायम गरेको र त्यसको मुहान रहेको लिम्पियाधुराबाट पश्चिम सीमाना कायम गरिएको बताउने गरेको छ। नेपाल सरकारले मन्त्रिपरिषद्बाट नक्सा अनुमोदन गरेपछि नयाँ दिल्लीले नेपाली नेतृत्वले सीमा विवादका लागि वार्ताको वातावरण बनाउने अपेक्षा गरेको बताएको थियो।

डेढ साता अघि प्रतिनिधिसभाले निशान छाप सम्बन्धी संशोधन पारित गरेपछि भारतले नेपालको कदमले सीमा सम्बन्धी बाँकी विषयमा वार्ता गर्ने समझदारी उल्लङ्घन गरेको प्रतिक्रिया दिएको थियो।

तर हालैका साताहरूमा भारत भित्रै प्रमुख विपक्षी कंग्रेस सहितका दलका नेताहरूले नेपालसँग वार्तामा बस्न दबाब दिइरहेका छन्।

प्रधानमन्त्री ओलीले वार्तामार्फत् अतिक्रमित भूमी भारतबाट फिर्ता लिने सार्वजनिक रूपमा बताउने गरेका छन्।

प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार डाक्टर राजन भट्टराई भन्छन्, "नेपाल सरकारबाट सबै किसिमका पहलहरू भइरहेको छ। औपचारिक अनौपचारिक सबै माध्यमहरूलाई खुला गरिएको छ।"

उनले थपे, "उहाँहरूसँग सम्पर्क कायम गर्न हाम्रो तर्फबाट कोशिस भइरहेको छ। वार्ता हुनुपर्छ र हुन्छ भन्नेमा हामी आशावादी छौं।"

परराष्ट्र मन्त्रालयका एक अधिकारीले पनि नेपालले दुई पक्षीय कुराकानी गर्न खोजेको तर त्यसमा ठोस प्रगति नभएको बीबीसीलाई बताएका छन्।नेपाल र भारतबीच सीमा विवादका बारेमा वार्ता कहिले हुन्छ भन्ने यकिन छैन।

# कोभिड-१९ को जोखिम मूल्याङ्कन गर्ने विधि (कोभिरा) सार्वजनिक

काठमाण्डु । कोभिड-१९ को व्यक्तिगत तथा स्थानीय जोखिम मूल्याङ्कन गर्न सकिने विधि (कोभिरा) सार्वजनिक गरिएको छ । विभिन्न विषय विज्ञको सहभागितामा साइन्स हब नेपालले निर्माण गरेको यो विधि नेपाल इन्जिनियर्स एशोसिएशनले आइतबार एक कार्यक्रममार्फत सार्वजनिक गरेको हो ।

सो विधि प्रयोग गर्न डब्लुडब्लुडट कोभिरा डट इन्फो वेबसाइटमा जानुपर्नेछ। वेबसाइटमा आफ्नो तथा आफ्ना परिवारको व्यक्तिगत मूल्याङ्कन गर्न सकिन्छ भने नेपालभित्रका जुनसुकै ठाउँको स्थानीय जोखिम पनि हेर्न सकिन्छ। एशोसिएशनका महासचिव छवि पोखरेलले यस्तो अनुसन्धानमुलक विधिले नेपाल र नेपालीलाई यो महामारीको समयमा जोखिम व्यवस्थापनमा धेरै सहयोग पुग्ने बताउनुभयो।बेलायतकोहडस्र्फिल्ड विश्वविद्यालयका प्राध्यापक पदम सिङ्खडाले यस किसिमको जोखिम मूल्याङ्कन विधिले सरकार, समुदाय तथा व्यक्ति स्वयंलाई धेरै उपयोगी हुने बताउनुभयो । अनुसन्धानमा आधारित, वैज्ञानिक तथ्य, विधि र प्रमाणका आधारमा तथ्याङ्क विश्लेषण गरी क्षेत्रीय तथा स्थानीय अवस्थासमेतलाई समेटेर बहुआयामिक वैज्ञानिक तथा विशेषज्ञ मिलेर बनाइएको यो नै पहिलो 'एप्लिकेशन' भएको दाबी गरिएको छ। बेलायतको ब्रिस्टोल युनिभर्सिटिमा कार्यरत डा ऋषिराम पराजुलीले यसको आधार कसरी तयार गरिएको छ भन्नेबारे प्रस्तुति दिनुभएको थियो । यस विधिले कोभिड सङ्क्रमण भएमा पनि उमेर, लिङ्ग, दीर्घरोगको अवस्थाले आफ्नो जोखिम कति छ, साथै आफ्नो अन्य विविध दैनिक कार्यका आधारमा आफूलाई कोभिड सर्नसक्ने जोखिम कति छ भन्नेबारे आँकलन गर्नेछ।

साइन्स हबका अनुसन्धानकर्ता तथा नेपाल खुल्ला विश्वविद्यालयका डा भोजराज घिमिरेले यसमा प्रयोग भएको प्रविधि, 'डाटा' को गोपनीयता तथा सुरक्षालगायत निकट भविष्यमा हुने परिमार्जनसम्बन्धी विषयमा जानकारी दिनुभएको थियो । साइन्स हबले यसलाई थप व्यवस्थित गर्दै लैजाने, स्थानीय तहका विविध तथ्याङ्क समुदायस्तरबाटै समेत लिन सकिने तथा बहुभाषामा यो 'एप्लिकेशन' निर्माण गर्ने जनाइएको छ।

> *बेलायतको हडस्र्फिल्ड विश्वविद्यालयका प्राध्यापक पदम सिङ्खडाले यस किसिमको जोखिम मूल्याङ्कन विधिले सरकार, समुदाय तथा व्यक्ति स्वयंलाई धेरै उपयोगी हुने बताउनुभयो । अनुसन्धानमा आधारित, वैज्ञानिक तथ्य, विधि र प्रमाणका आधारमा तथ्याङ्क विश्लेषण गरी क्षेत्रीय तथा स्थानीय अवस्थासमेतलाई समेटेर बहुआयामिक वैज्ञानिक तथा विशेषज्ञ मिलेर बनाइएको यो नै पहिलो 'एप्लिकेशन' भएको दाबी गरिएको छ । बेलायतको ब्रिस्टोल युनिभर्सिटिमा कार्यरत डा ऋषिराम पराजुलीले यसको आधार कसरी तयार गरिएको छ भन्नेबारे प्रस्तुति दिनुभएको थियो ।*

**कोभिरा के हो र यसको प्रयोग कसरी गर्ने ?**

कोभिरा, हाल चलिरहेको कोभिड-१९ महामारीको जोखिम मूल्याङ्कन गर्ने विधि हो। यसमा कुनै पनि व्यक्तिले आफ्ना बारेमा सोधिएका केही प्रश्नको उत्तर दिएर आफ्नो व्यक्तिगत जोखिम मूल्याङ्कन गर्न सकिनेछ। यसका साथै आफू बसिरहेको क्षेत्रमा कोरोना सर्नसक्ने जोखिमको अवस्था के छ र आफूलाई सर्न सक्ने जोखिम कति छ भन्नेबारे पनि मूल्याङ्कन गर्नेछ । यससँगै नेपालका विभिन्न ठाउँमा विविध कारण हुनसक्ने जोखिम मूल्याङ्कन नक्सा पनि राखिएको छ । सामाजिक, आर्थिक, जनस्वास्थ्य, साथै कोरोना फैलनसक्ने जोखिमका हिसाबले कुन क्षेत्र धेरै जोखिममा छ भन्ने पनि देखाइएको छ। यसमा रहेको 'टोटल रिस्क' बटनमा 'क्लिक' गर्दा नेपालको क्षेत्रगत संयुक्त जोखिम देखाउने छ। कोभिड-१९ को दैनिक अपडेटपश्चात क्षेत्रगत जोखिम परिवर्तन हुनेछन्। यसबाट दैनिकरुपमा जोखिम नक्सा हेर्न सकिनेछ।

व्यक्तिगत जोखिम मूल्याङ्कन विधि चीन, इटाली, जर्मनी, स्पेन, बेलायत तथा अमेरिकाका मृत्यु भएका करिब ६० हजार व्यक्तिको तथ्याङ्कलाई केलाएर बनाइएको हो । व्यक्तिगत जोखिम व्यक्तिको उमेर तथा दीर्घ रोगमा आधारित छ भने सर्नसक्ने जोखिम, स्थानीयस्तरमा कोरोना सर्ने जोखिम तथा व्यक्तिको आफ्ना क्रियाकलापमा निर्भर गर्दछ। यसले जोखिमलाई पाँच तहमा देखाउँछ, अति न्यून, न्यून, मध्यम, उच्च र अति उच्च । बीचमा रहेको सुईले जुन भागमा देखाउँछ, त्यो नै जोखिमको स्तर हुनेछ । कुन अवस्थामा के गर्ने भन्ने सुझाव पनि यसले देखाउनेछ । नेपाल इञ्जिनियर्स एशोसिएशनका अध्यक्ष त्रिरत्न बज्राचार्यले वेवनारमार्फत सो 'एप्लिकेसन' सार्वजनिक गर्नुभएको हो ।रासस

# जननेता भण्डारीको जन्मजयन्तीमा साताव्यापी कार्यक्रम

काठमाण्डु । 'मदन भण्डारी फाउण्डेशन'ले जननेता मदन भण्डारीको ६९औँ जन्मजयन्ती कोभिड-१९ बाट सचेत हुँदै विभिन्न कार्यक्रम गरी साताव्यापीरुपमा मनाउन शुरु गरेको छ।

फाउण्डेशनले यही असर ७ गतेदेखि जलवायु परिवर्तन र वातावरण संरक्षणका लागि घर-कम्पाउण्ड वा सार्वजनिक स्थलमा फलफूलको विरुवा रोप्ने र रोपेका बिरुवाको संरक्षण गर्ने, फलफूल तथा तरकारीका बीउविजन वितरण गर्ने, किसानका बीचमा एकापसमा अनुभव साटासाट गर्ने, गरिब, असहाय, मजदुर, सुकुम्बासी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक केन्द्रित कार्यक्रम गर्ने जनाएको छ।

फाउण्डेशनका सचिव पेम्बा लामाका अनुसार स्थानीय तहसँग कोरोना भाइरसबाट सङ्क्रमित नागरिकको व्यवस्थापन र हेरचाहमा सहयोग गर्ने, यातायात क्षेत्रमा परेको असरबारे अन्तरक्रियाको आयोजना गर्ने र असार १४ मा सङ्क्रमणका कारण उपचारमा र वृद्धाश्रममा रहेका नागरिकलाई फलफूल वितरण गर्ने कार्यक्रम तय गरिएको छ । सामाजिक सञ्जालमार्फत कोरोना भाइरससम्बन्धी सचेतना कार्यक्रमहरु, मदन भण्डारी रक्त कोष स्थापना, विभिन्न तहमा भण्डारीले प्रतिपादन गर्नुभएको ' जनताको बहुदलीय जनवाद' र भण्डारीका योगदानका बारेमा अन्तरक्रियाको आयोजना, राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र तथा जनजीविका, सरकार सञ्चालन, संगठन परिचालन आदिका विषयमा रचनात्मक कार्यक्रम आयोजना गर्ने पनि फाउण्डेशनले कार्यक्रम तय गरेको छ।

यसैगरी सरकारको नीति, कार्यक्रम र बजेटमार्फत आएका कार्यक्रमको अध्ययन विश्लेषण गरी कार्यान्वयनमा जोड दिने तथा छिमेकी देशलगायत प्रवासबाट फर्कने नेपालीको स्वास्थ्य, सुरक्षा र उनीहरुको व्यवस्थापनमा स्थानीय तथा प्रदेश सरकारलाई सहयोग गर्ने कार्यक्रम गरिने जनाइएको छ । तत्कालीन नेकपा (एमाले) का महासचिव भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा भएको जीप दुर्घटनामा निधन भएको थियो । भण्डारीको जन्म विसं २००९ असार १४ गते ताप्लेजुङको ढुङ्गेसाँघुमा भएको थियो ।रासस

# बैठक स्थगित

विराटनगर। प्रदेश नं.१ को प्रदेशसभाको बैठक सोमबार स्थगित भएको छ। सभामुख प्रदीपकुमार भण्डारीले शून्य समयको कार्यक्रम प्रारम्भ गर्न लाग्दा प्रमुख प्रतिपक्ष नेपाली काँग्रेसका सांसदहरुले उभिएर विरोध जनाएपछि सभामुख भण्डारीले पटक/पटक सांसदहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभएको थियो।

सभामुख भण्डारीको आग्रहलाई अस्वीकार गरेपछि उहाँले काँग्रेसका प्रदेशसभा सदस्यलाई बोल्न समय दिएपछि प्रमुख सचेत केदार कार्कीले संसद्मा उठेका प्रश्नहरुको मुख्यमन्त्री शेरधन राईले जवाफ दिनुपर्ने नभए संसद् चल्न नदिने बताउनुभयो।

उहाँले सरकारले कोरोना उपचार, रोकथाम एवं नियन्त्रणमा गरेको खर्च सार्वजनिक गर्नुपर्ने माग गर्नुभयो। सचेतक कार्कीले प्रदेश सरकारको सचिव काठमाडौँ जाँदा प्रमुख जिल्ला अधिकारीसँग अनुमति पत्र लिनुपर्ने कुराको विरोध गर्नुभयो। रासस

# अङ्गीकृत नागरिकता सम्बन्धी निर्णय पुनःविचार गर्न माग



काठमाण्डु । राष्ट्रियसभाका सांसदहरुले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठक र राज्य व्यवस्था तथा सुशासन समितिले अङ्गीकृत नागरिकता सम्बन्धमा गरेको निर्यणप्रति असहमति जनाउँदै पुनःविचार गर्न आग्रह गर्नुभएको छ।

सभाको सोमबारको बैठकको विशेष समयमा बोल्दै सांसद जितेन्द्रनारायण देवले वैवाहिक अङ्गीकृत नागरिकता सम्बन्धमा नेकपा सचिवालयले गरेको निर्णयको असर राज्य व्यवस्था समितिमा परेको र उक्त निर्णय अदूरदर्शी र अपरिपक्व भएको टिप्पणी गर्नुभयो । उहाँले तराई मधेसका जनताको भारत सीमाक्षेत्रका नागरिकसँगको विवाह सम्बन्ध तोडेर मुलुकको राष्ट्रियता बलियो नहुने तर्क गर्दै भारतसँगको सांस्कृतिक सम्बन्ध कसैले तोडेर नटुट्ने बताउनुभयो। साथै उहाँले निर्णयमा पुनःविचार गर्न आग्रह गर्नुभयो । उहाँले मुलुकको परराष्ट्र नीति दुई छिमेकी चीन र भारतसँगको समुदरीका आधारमा हुनुपर्ने बताउँनुभयो ।

सांसद मृगेन्द्रकुमार सिंह यादवले नागरिकता विधेयक सम्बन्धमा नेकपाले सहमतिको बाटो छोडेर निर्णय गरेको भन्दै यसमा दुःख लागेको बताउनुभयो । उहाँले उक्त निर्णयले तराईका समुदायको संस्कृतिमाथि अतिक्रमण हुने आरोप लगाउनुभयो। फरक प्रसङ्गमा उहाँले खेतीपातीको समय भएको र विदेशबाट पनि धेरै युवा स्वदेश फर्केको समयमा मलको उचित व्यवस्था गर्नुपर्ने सरकारसँग माग गर्नुभयो।

सांसद देवेन्द्र दाहालले शून्य र विशेष समयमा बोलेको कुरा वेवारिसे हुने गरेको उल्लेख गर्दै रेकर्डमा मात्र सीमित हुने र जनताका कुरा उठ्ने काम नहुने विषयले खासै अर्थ राख्दैन भन्नुभयो।

उहाँले जनताका कुरा सुनुवाइ नभएको देखिएको हुँदा आगामी दिनमा समाधानका लागि सभाका अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद शेखरकुमार सिंहले वर्षायाम शुरु भएको बताउँदै तराई मधेसमा वर्षेनी बाढीबाट हुने क्षतिका सम्बन्धमा समयमै सरकारले ध्यान दिई समाधानका लागि आवश्यक पहल गर्नुपर्ने बताउनुभयो।

उहाँले तटबन्ध निर्माण गर्न ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । साथै सो क्षेत्रमा किसानको बालीनालीमा वन्यजन्तुले गर्ने क्षती बारेमा वन तथा वातावरण मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।रासस

# 'बजेटसक्न असारे विकास हुन छाडेन'



काठमाण्डु । पछिल्लो समय चिल्ला बनेका काठमाण्डु उपत्यकाका सडक विस्तारै धुलाम्मे हुन थालेका छन् । विभिन्न संरचना निर्माण गर्न सडक भत्काउन थालेपछि सडक धुलाम्मे र वर्षाले हिलाम्मे समेत भएका छन्। प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिको सोमबार बसेको बैठकमा सांसद्हरुले पहिले सडक बनाउने र यसपछि ढल, पैदलयात्रु मार्गलगायतका संरचना निर्माण भइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो।

उहाँहरुले पहिले संरचना निर्माण गरेर मात्रै सडक निर्माण गर्दा दोहोरो खर्च नहुने सरकारलाई सुझाव दिनुभयो । बैठकमा समितिका सदस्य सञ्जयकुमार गौतमले आवको शुरुदेखि बनेका सडक अहिले खन्ने काम भइरहेको, केही समय पहिले जतासुकै कालोपत्र देखिएका ठाउँहरुमै अहिले धमाधम खन्ने काम भइरहेका र राष्ट्रिय गौरबको आयोजनाको प्रगतिका बिषयमा जानकारी दिन सरकारसित माग गर्नुभयो। उहाँले भन्नुभयो, "कुनकुन आयोजना कहिले सम्पन्न हुन्छ र त्यसको अहिलेसम्मको प्रगति कति छ जनतालाई जानकारी दिनुपर्छ।"

समितिका सदस्य गौरीशंकर चौधरीले पहिले पैदलयात्रु मार्ग र ढल बनाएर पछि सडक बनाउनुपर्नेमा त्यसको ठीक विपरित भइरहेको तर्फ सरकारको ध्यान जावोस भन्नुभयो । उहाँले भन्नुभयो, "समन्वयको अभावमा पहिले सडक चिल्लो बनाउने पछि भत्काउने भइरहेको देखिएको छ।" अर्का सदस्य आशाकुमारी बिकले दुर्गम जिल्लामा योजना वर्षेनी दोहोरिने तर निर्माण कहिल्यै सम्पन्न नहुने समस्या रहेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "वर्षेनी किताबमा बजेट आउने तर योजना नसकिने हुँदा समस्या कहाँ छ भनी खोजी गर्न जरुरी छ।"

समिति सदस्य केदार सिग्देलले मेलम्चीको पानी असारसम्ममा काठमाण्डुमा झारिसक्ने प्रतिबद्धता भएपनि त्यसअनुसार काम भएको वा नभएको भनी समितिलाई जानकारी नभएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, "आबश्यक भएमा निर्देशन पनि दिनुपर्छ।"

समिति सदस्य लीलानाथ श्रेष्ठले समितिले दिएका धैरै निर्देशनको पालना नभएको, र समितिले बिगतमा हुलाकी राजमार्गमा एउटै मापदण्डको सडक निर्माण गर्न मन्त्रालयलाई निर्देशनलाई वेवास्ता नगर्न आग्रह गर्नुभयो।

समितिका सदस्य गणेशकुमार पहाडीले मेलम्ची खानेपानी आयोजनाको प्रगतिका बारेमा सम्बन्धित समिति विकास समिति नै बेखवर रहेको औल्याउनुभयो। अहिले मेलम्चीको पानी काठमाण्डु ल्याउनु मात्रैभन्दा त्यो पानीको व्यवस्थापन चुनौतीपूर्ण रहेको उहाँको भनाई छ। समितिकी सभापति कल्याणीकुमारी खड्काले विगतका वर्षहरुमा जस्तै यो वर्ष पनि असारे बजेट सक्ने गरी काम भइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो । राष्ट्रिय गौरबका आयोजनामा रहेका समस्या हटाएर समयमै सम्पन्न गर्नुपर्नेमा उहाँको जोड छ। उहाँले भन्नुभयो, "तयारी राम्रो नभए मेलम्चीको पानीले काठमाण्डुमा बाढीको समस्या आउन सक्नेछ।"

समितिलाई आज नै सवारी दुर्घटना न्युनिकरण अध्ययन उपसमितिले प्रतिबेदन बुझाएको छ । सार्वजनिक यातायात व्यवस्थित, सर्वसुलभ, सुरक्षित र भरपर्दो नुहनु, जीर्ण तथा पुराना हुनु, व्यवसायिक तथा तालिमप्राप्त सवारी चालक नहुनु, तीनको श्रम, समयसीमा नियमन गर्ने मापदण्ड नहुनु, संस्थागत क्षमता तथा प्रविधिमैत्री कार्यप्रणाली नहुनु र सवारीसाधनको नियमित र व्यवस्थित परीक्षण नहुनु सवारी दुर्घटना नहुनु दुर्घटना न्युनिकरणका प्रमुख समस्या रहेको प्रतिवेदनमा उल्लेख छ। रासस

# गृहजिल्ला आएसँगै सांसद किराँती क्वारेन्टिनमा

भोजपुर। भोजपुरका प्रतिनिधिसभा सदस्य सुदन किराँती गृह जिल्ला आएसँगै क्वारेन्टिनमा बस्नुभएको छ। काठमाडौँबाट भोजपुर आएका किराँती आफ्नो जन्मथलोसमेत रहेको रामप्रसादराई गाउँपालिकाले निर्माण गरेको क्वारेन्टिनमा बस्नुभएको हो।

सरकारले कोरोनाको जोखिमलाई ध्यानमा राख्दै बाहिरबाट आएका मानिसलाई अनिवार्य क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था गरेका कारण आफू क्वारेन्टिनमा बसेको सांसद किराँतीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "म शनिबारबाट गाउँपालिकाले ओखेमा निर्माण गरेको क्वारेन्टिनमा बसेको छु, क्वारेन्टिनमा बसेर त्यहाँ समस्याको विषयमा बुझेर त्यसलाई समाधानमा लागि पनि पहल गरिरहेको छु।" मानिसमा पहुँचको आधारमा सरकारले जारी गरेको निर्णय पालना नगर्ने प्रवृत्ति बढ्दै गएकाले त्यसको अनिवार्यरुपमा पालन गर्नुपर्नेसमेत किराँतीले बताउनुभयो।

"हामीमा पहुँचको आधारमा विभिन्न ढङ्गले सरकारले जारी गरेको नीति नियम उल्लङ्घन गर्ने प्रवृत्ति बढ्दो छ, यसले सर्वसाधारण जनता मारमा छन्, नियम सबैको लागि बराबर हुनुपर्छ, त्यसैले म जनताको समस्यालाई नजिकबाट नियाल्दै क्वारेन्टिनमा बसेर सरकारको नियम पालना गर्दैछु", सांसद किराँतीले भन्नुभयो ।रासस

# चिकित्सा विज्ञान विषयको अध्ययन अध्यापन शुरु गरिने

पोखरा । गण्डकी प्रदेश सरकारले गण्डकी विश्वविद्यालयअन्तर्गत शिक्षण अस्पताल स्थापना गरी चिकित्सा विज्ञान विषयको अध्ययन अध्यापन शुरु गर्ने तयारी गरेको छ। प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को बजेटमा गण्डकी विश्वविद्यालयअन्तर्गत सूचना प्रविधि विषय र शिक्षण अस्पताल स्थापना गरी चिकित्सा विज्ञान विषयको अध्ययन अध्यापन कार्य आगामी आवमा शुरु गर्न ४२ करोड करोड ७५ लाख रुपैयाँ व्यवस्था गरिएको जनाइएको छ।

सामुदायिक विद्यालय मध्येबाट छनोट भएका विद्यालयलाई आदर्श विद्यालय र नमूना आवासीय विद्यालयको रूपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले बताउनुभयो। उहाँका अनुसार गुरुकुल, गुम्बा, मदरसा, भाषिक पाठशाला जस्ता वैकल्पिक विद्यालयको पूर्वाधार विकासमा आवश्यक बजेट विनियोजन गरिएको छ।

एमबीबीएसलगायत उच्च प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तिमा छनोट भएका दलित, अल्पसङ्ख्यक तथा गरिब विद्यार्थीलाई थप प्रोत्साहन गर्न उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको मन्त्री गुरुङले बताउनुभयो।

उच्चशिक्षा अध्ययनरत दलित, अल्पसङ्ख्यक तथा गरिब विद्यार्थीलाई प्रदेश सरकारको आवश्यकताका क्षेत्रमा अनुसन्धान गर्न शोधवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि गर्दै प्रविधिमैत्री शैक्षिक कार्यक्रमलाई निरन्तरता दिन शैक्षिक तालिम केन्द्रलाई रु सात करोड ९५ लाख बजेट व्यवस्था गरिएको मन्त्री गुरुङले बताउनुभयो ।रासस

# ग्रामीण पशुस्वास्थ्य कार्यकर्ताको क्षमता मापन हुनुपर्ने


काठमाण्डु। कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आजको बैठकमा पशुपन्छी विज्ञहरुले ग्रामीण पशुस्वास्थ्य कार्यकर्ताको क्षमता मापन अनिवार्य हुनुपर्ने बताएका छन्। नेपालमा ग्रामीण पशुस्वास्थ्य कार्यकर्ताको सङ्ख्या झन्डै ५२ हजार छ।

"पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५" ले ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता हुन एसइई परीक्षा उत्तिर्ण र अनुमति प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ३५ दिनको भेटेनरीसम्बन्धी तालीम लिएको हुनुपर्ने व्यवस्था छ।

विज्ञहरुले पशु चिकित्सा सेवा सम्वेदनशील विषय भएकाले ग्रामीण पशुस्वास्थ्य कार्यकर्ताको क्षमता अभिवृद्धिमा सरकारले थप सहयोग गर्नुपर्ने वा नेपाल सरकारको भेटेनरी विषय विशेषज्ञको अनुमतिले कामको जिम्मेवारी सुम्पिनुपर्ने बताएका छन्।

समितिका सभापति पूर्णकुमारी सुवेदीको सभापतित्वमा आज आयोजित बैठकमा पशुपन्छी विज्ञ नाराणप्रसाद घिमिरेले कानूनले ग्रामीण पशुस्वास्थ्य कार्यकर्तालाई असीमित अधिकार दिए पनि उनीहरुको क्षमता विकास गर्न थप सहयोगको व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो। रासस

# बजेटसँग सम्बन्धित तीन विधेयक पारित



काठमाण्डु । राष्ट्रियसभाले प्रतिनिधिसभाबाट आएका बजेटसँग सम्बन्धीत विभिन्न तीन विधयेक पारित गरेको छ। सभाको सोमबारको बैठकले प्रतिनिधिसभाबाट सन्देशसहित आएका "आर्थिक विधेयक, २०७७", "राष्ट्र ऋण उठाउने विधेयक, २०७७" र "ऋण तथा जमानत विधेयक, २०७७" लाई पारित गरेको हो।

अर्थमन्त्री डा युवराज खतिवडाले विधेयकको दफावार छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिदै प्रदुषण हटाउन विद्युतीय सवारी बजेटको प्राथमिकतामा रहेको उल्लेख गर्दै सार्वजनिक यातायाताका साधनमा भएको कर यथावत रहेको स्पष्ट पार्नुभयो।

साथै उहाँले विद्युतको खपत बढाउने थुप्रै कार्यक्रम बजेटमा रहेको बताउदै कृषिमा रसायनिक मलको भन्सार महशुल नबढेको, पेट्रोलियम पदार्थको मूल्य भारतमा भन्दा नेपालमा रु २० सस्तो भएकाले यसमा पूर्वाधार कर लगाइएको जानकारी गराउनुभयो।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा शिवमाया तुम्बाहाङ्फेले "महान्याधिवक्ताको वार्षिक प्रतिवेदन, २०७५/७६" सभा समक्ष पेश गर्नुभएको थियो ।रासस


## राजर्षिजनक विश्वविद्यालय
### सेवा आयोगको कार्यालय
रामानन्द चौक, जनकपुरधाम, नेपाल

### सवारी साधन खरीद सम्बन्धी सिलबन्दी प्रस्तावदर्ता गराउने म्यादथप गरीएको सुचना

प्रथम पटक प्रकाशितमिति :- २०७७/०३/०४

यस राजर्षि जनक विश्वविद्यालय सेवा आयोगको कार्यालयकोआ. व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सवारी साधन खरीदको मिति २०७७/०३/०४ मा प्रकाशित सिलबन्दी प्रस्ताव आवह्वानको सुचनामा सिलबन्दी प्रस्तावदर्ता गराउने म्यादलाई २०७७/०३/१४ गते दिनको १२:०० बजे सम्मलाई थप गरीएकोर सोहि दिनदिनको १५:०० बजेसिलबन्दीखोलीने व्यहोरा सम्बन्धीत सबैमा सुचित गरीन्छ।

खरीद समिति



## शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०३/०९

यस बैंकको जनकपुर शाखा कार्यालयको प्रयोगमा नरहेको उपकरण लगायतका सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्रि गर्नुपर्ने भएको हुनाले उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति , संघ संस्था वा फर्म कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र यस बैंकको शाखा कार्यालय, जनकपुरमा सम्पर्क गरी गोप्य सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ । लिलाम बिक्रि गरिने सम्पत्तिको बिस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको शाखा कार्यालय, जनकपुर शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ । प्राप्त प्रस्ताव स्वीकृत वा अस्विकृत गर्ने वा परेको प्रस्ताव उपर पुनः नेगोशिएसन गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहनेछ। प्राप्त बोलपत्र मिति २०७७/०३/१५ मा ४:३० बजे बैंकको शाखा कार्यालय, जनकपुर बोलपत्र दाता र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्रहरु खोलिनेछ।

**नेपाल एस.बि.आई बैंक लि.**
जनकपुर शाखा
जनकपुर, धनुषा, नेपाल
फोनः ०४१-५९०२६०, ५९०२६१

जनकपुर टुडे
२०७७ साल असार ९ गते मंगलबार (23 June, Tuesday, 2020)

# कोरोना भाइरसबाट करिब पौने पाँच लाख बढीको मृत्यु, साढे ९० लाख बढी सङ्क्रमित

**एएफपी**

जेनेभा स्वीट्जरल्याण्ड । कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख ७० हजार ८२२ पुगेको छ। साथै यस संक्रमणबाट विश्वभर ९० लाख ५१ हजार ९४९ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ।



नेपाली समयानुसार सोमबार मध्याह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ४८ लाख ४२ हजार ४३ जना निको भएका छन् । हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ३७ लाख ३९ हजार ८४ व्यक्ति उपचाररत रहेका छन् । संक्रमितहरुमा ५४ हजार ७३६ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २३ लाख ५६० हजार ७१५ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख २२ हजार २४८ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा १७ लाख ७९ हजार ८७० जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ७१ हजार ५२४ जनाको मृत्यु भएको छ।

उत्तर अमेरिकामा २७ लाख ३५ हजार ५९५ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ एक लाख ५५ हजार २० जनाको मृत्यु भएको छ। युरोपमा २३ लाख १० हजार ९६१ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ८७ हजार ६२६ को मृत्यु भएको छ।

एसियामा १९ लाख ६ हजार ४०७ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ४८ हजार ३६५ जनाको मृत्यु भएको छ।

अफ्रिकामा तीन लाख नौ हजार ३०१ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने आठ हजार १४८ जनाको मृत्यु भएको छ।

ओसियानामा नौ हजार ९४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ।

# सिरियाबाट १० जना फ्रान्सेली बालबालिका फिर्ता

**एएफपी**

पेरिस । सिरियाको शरणार्थी शिविरमा आश्रय लिइरहेका दश जना फ्रान्सेली बालबालिकालाई फ्रान्स सरकारले स्वदेश फर्काएको छ । फ्रान्सका सयौं नागरिक आतंकवादी संगठन इस्लामिक स्टेटमा आबद्ध हुन सिरिया पुगेका र तिनीहरुबाट सिरियामै बालबच्चा जन्मिएका थिए।

गत वर्ष मार्च २०१९ मा अमेरिका र पश्चिमा मुलुकको व्यापक सैन्य कारबाहीपछि सिरियाबाट इस्लामिक स्टेट समूह परास्त भएको थियो।

फ्रान्सेली विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा ती बालबालिका उत्तरपूर्वी सिरियाका शिविरबाट फिर्ता ल्याएको जनाइएको छ । उनीहरुको स्वास्थ्य उपचार शुरु गरिएको र ती बालिबालिकाको हेरचाह गर्ने जिम्मेवारी सामाजिक संस्थालाई दिइएको छ। ती बालबालिकाका अभिभावकका बारेमा भने केही खुलाइएको छैन। फ्रान्सले युद्धग्रस्त सिरियाबाट कूल २८ बालबालिकालाई फिर्ता लगिसकेको छ । अधिकारवादी समूहहरुले बाल उमेरका बालबालिकालाई तत्काल फर्काउन फ्रान्स सरकारमाथि लगातार दबाब दिइरहेका छन् । अधिकारवादी समूहले कतिपय बालबालिका उनीहरुका बाबुआमाले फ्रान्सबाटै साथमा लगेको दाबी गरेका छन्।

एक अनुमान अनुसार करिब ३०० फ्रान्सेली बालबालिका सिरियास्थित कुर्दिस समूदायले सञ्चालन गरेका शिविरमा उनीहरुका आमाहरुका साथमा रहेका छन्। फ्रान्सले भने सिरिया पुगेका हरेक व्यक्तिमाथि स्थानीय कानुन बमोजिम कारबाही हुने जनाएको छ । सिरियाको उत्तरपूर्वस्थित अल-होल भन्ने स्थानमा करिब १२ हजार विदेशी नागरिक अस्थायी शिविरमा रहेका छन् जसमा चार हजार महिला र आठ हजार बालबालिका रहेका छन् । सहायता निकायहरुले यी शिविरमा आश्रित व्यक्तिहरुले कुपोषण र रोगको प्रकोपबाट गुज्रनु परेको बताएका छन् ।कुर्दिस अधिकारीहरुले शिविरमा रहेका विदेशी नागरिकहरु स्वदेश फर्काउन आग्रह गरिरहेका छन्।

# दुबइले जुलाई ७ देखि विदेशीलाई आगमन खुला गर्ने

**एएफपी**

दुबइ । दुबइले जुलाई ७ देखि विदेशी पर्यटकहरुका लागि आगमन खुला गर्ने जनाएको छ। यहाँको पत्रिका खालिज टाइम्सले सोमबार जनाएको हो।




यसरी दुबई जाने हरेक विदेशी पर्यटकले हालैमात्र परीक्षण गरेको कोरोना भाइरसको नेगेटिभ रिपोर्ट देखाउनुपर्ने छ। त्यसैगरी दुबई पुगेपछि पनि यहाँको विमानस्थलमा कोरोना भाइरसको परीक्षणको व्यवस्था गरिएको छ र उनीहरुले त्यहाँ पनि परीक्षण गराउनुपर्ने प्रावधान राखिएको छ।

दुबईले यही जुन २२ देखि विदेशमा रहेका आफ्ना नागरिकलाई पनि स्वदेश ओसार्ने नियम बनाएको पनि सो पत्रिकाले जनाएको छ । त्यस्तै आफ्ना नागरिकलाई पनि जुन २३ देखि विदेश भ्रमणका लागि अनुमति दिने नियम दुबईले बनाएको बताइएको छ।

त्यस्तै जुलाई ७ देखि नै विदेशी नागरिकलाई स्वदेश प्रवेश गर्न खुला गर्ने भएको हो । यसरी भित्रिने विदेशीहरुले दुबईको विमानस्थलमा राखिएको परीक्षण कक्षमा पिसिआर गराइने छ।

यसरी स्वदेश आएका पर्यटक तथा विदेशी नागरिकहरुले यहाँको सरकारले बनाएका स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्नु पर्ने नियम पनि बनाएको सो समाचारमा जनाइएको छ।

# भेनेजुएलाका राष्ट्रपति मदुरोसँग भेट्ने राष्ट्रपति ट्रम्पको इच्छा, विपक्षी नेता अविश्वसनीय

**एएफपी**

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलाका राष्ट्रपति निकोलास



मदुरोसँग भेटवार्ता गर्ने बारेमा विचार गरिरहेको बताउनु भएको छ। आइतबार प्रकाशित राष्ट्रपति ट्रम्पको अन्तर्वार्तामा उहाँले भेनेजुएलाका विपक्षी नेता पूरै विश्वासिला नभएको संकेत गर्नु भएको छ।

भेनेजुएलाका विपक्षी नेता हुँवा गुएइदोले राष्ट्रपति निकोलास मदुरोलाई हटाएर आफूलाई सन् २०१९ मा मुलुकको राष्ट्रपति घोषणा गरेयता शक्ति संघर्ष चुलिएको छ। विपक्षी दलले भाग नलिएको तथा अन्तर्राष्ट्रिय जगतले पनि चुनावमा धाँधली भएको आरोप लगाए पनि राष्ट्रपति मदुरोले आफू विधिवत निर्वाचित भएको भन्दै राष्ट्रपति पदको दोस्रो कार्यकालको सपथ लिनु भएको थियो।

संयुक्तराज्य अमेरिका समेत विश्वका झण्डै ६० मुलुकले विपक्षी नेता गुएइदोलाई समर्थन जनाएका छन्, तर चीन र रसियाले भने राष्ट्रपति मदुरोलाई नै मान्यता दिएका छन्। राष्ट्रपति मदुरो विरुद्ध अमेरिकाले विपक्षी नेतालाई समर्थन गरी धेरै किसिमका प्रतिबन्ध एवं नाकाबन्दी लगाएको छ। विवादकै बीच एक्सियोस न्यूजलाई दिएको अन्तर्वार्तामा आफू भेनेजुएलाका राष्ट्रपतिसँगको भेटवार्ताका लागि खुला रहेको बताउनुभएको छ।

राष्ट्रपति ट्रम्पले भन्नुभएको छ,"मैले त्यसबारेमा सोच्दैछु। मदुरो पनि सायद भेट्न चाहनु हुन्छ । मैले कहिल्यै पनि बैठकका लागि अस्वीकार गरेको छैन।

उहाँले अगाडि भन्नुभयो, "मैले जहिल्यै भन्ने गरेको छु, भेटघाटबाट केही नराम्रो हुँदैन।

अमेरिका र मदुरोको समाजवादीसरकारबीचकोसम्बन्ध गत मे महिनामा ५२ जना शंकास्पद व्यक्तिलाई गिरफ्तार गरिएपछि अझ खराब स्थितिमा पुगेको थियो जसमा दुई जना अवकाशप्राप्त अमेरिकी सैनिक पनि थिए । उनीहरुले अमेरिकी सहयोगमा भेनेजुएलाको सरकार विरुद्ध विभिन्न शंकास्पद गतिविधि गरेको आरोप लागेको छ। तर वासिङ्टनले यस दाबीको खण्डन गरेको छ।

भेनेजुएलाका विपक्षी नेता गुएइदोलाई अमेरिकाले निरन्तर समर्थन गरे पनि अन्तर्वार्ताका क्रममा राष्ट्रपति ट्रम्पले पटकपटक गुएइदो त्यति विश्वासयोग्य व्यक्ति नभएको बताउनुभएको एलेक्सीओले लेखेको छ।

राष्ट्रपति ट्रम्पले भेनेजुएलामा जे भइरहेको छ त्यसको विपक्षमा आफू रहेको बताउँदै गर्दा उहाँले गुएदोका बारेमा भन्नुभयो, "मैले उहाँलाई समर्थन गरेकै हो, तर यो त्यति अर्थपूर्ण कुरा होइन।

राष्ट्रपति ट्रम्पका पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनको संस्मरणात्मक पुस्तकका कारण सिर्जना हुने तनाब मत्थर बनाउन ह्वाइट हाउसले प्रयत्न गरिरहेकै समयमा राष्ट्रपति ट्रम्पको अर्को विवादास्पद अन्तर्वार्ता प्रकाशन भएको छ।

एक्सीओसले बोल्टनकै पुस्तकको एक अंश प्रकाशन गरेको छ जसमा बोल्टनले लेख्नु भएको छ, ट्रम्पको सोचाईमा मदुरोको तुलनामा विपक्षी नेता गुएइदो निकै कमजोर छन्।

बोल्टनका अनुसार राष्ट्रपति ट्रम्पले गुएइदोलाई अमेरिकी राष्ट्रपतिको प्रारम्भिक चुनावमा उठ्नुभएका तर पछि उम्मेदवारी परित्याग गर्नुभएका बेटो ओ-रुकीजस्तै अस्थिर रहेको बताउनु गर्नुभएको थियो।

# अमेरिकाले अफगानिस्तानबाट करिब पाँच हजार सेना हटायो

**एएफपी**

वासिङ्टन । संयुक्तराज्य अमेरिकाले अफगानिस्तानमा तैनाथ आफ्ना सैनिकको संख्या घटाएर आठ हजार ६०० मा सीमित गरेको जनाएको छ।

गत फेब्रुअरीमा अफगानिस्तानको मुख्य विद्रोही समूह तालिबानसँगको सम्झौता बमोजिमकरिबपाँचहजारअमेरिकी सैनिकको संख्या कटौती गरिएको हो । अफगानिस्तानका लागि अमेरिकी सेनाका प्रमुख जनरल फ्रान्क म्याकेन्जीले अफगानिस्तानमा तैनाथ अरु सैन्यबल कहिलेसम्ममा फिर्ता भइसक्छन् भन्ने बारेमा भने बताउनु भएन।

तालिबानसँगको सम्झौताअनुसार अफगानिस्तानमा तैनाथ सबै अमेरिकी र अन्य विदेशी फौज आगामी सन् २०२१ को मे महिनाभित्र फिर्ता भइसक्ने छन्।

जनरल म्याकेन्जीले थप सैन्य कटौतीका लागि तालिबान समूहले पनि आफ्ना प्रतिबद्धता पूरा गर्नुपर्नेमा जोड दिनुभयो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानिस्तान मिसनको कार्य पूरा भइसकेकाले अमेरिकी फौज फिर्ता गरिने बताउँदै आउनुभएको छ। उहाँले अमेरिकी सेना अफगानीहरुको आन्तरिक मामिला सुल्झाउन लामो समय अफगानिस्तानमा बस्न नसक्ने बताउनुभएको छ। अमेरिकी फौज अफगानिस्तानमा सन्२००१कोअक्टोबरदेखितैनाथ छ। जनरल म्याकेन्जीले तालिबान समूहसँगको सम्झौतालाई अमेरिकाले कार्यान्वयन गरिरहेको जानकारी दिनुभयो।

आस्पेन स्ट्राटेजी ग्रुपको वेबिनारमा बोल्दै म्याकेन्जीले भन्नुभयो, "हाम्रा सेनालाई लक्षित गरी तालिबान समूहबाट आक्रमण हुन छाडेका छन् । अहिले अमेरिका लक्षित केही घटना अल-कायदा र इस्लामिक स्टेट्सले गराएका छन्।"

गत फेब्रुअरीको सम्झौतामा तालिबान समूहले अफगानिस्तानमा कुनै पनि अन्य आतङ्कवादी समूहलाई आश्रय नदिइने वा अमेरिका विरुद्ध आक्रमण हुनबाट रोक्ने उल्लेख छ।


उहाँले भन्नुभयो, "तालिबानले आफूले व्यक्त गरेका प्रतिबद्धता पूरा गरेको छ छैन भन्ने हामी नियालीरहेका छौं । उनीहरुसँग शान्तिपूर्ण अफगानिस्तान निर्माण गर्ने अवसर छ, तर समय निकै घर्किरहेको छ।"

# चीन अमेरिका शीतयुद्ध विश्वका लागि 'कोरोना भाइरस भन्दा ठूलो खतरा'

**बीबीसी**

लण्डन। चीन र अमेरिकाबीच गहिरिँदै गएको शीतयुद्ध विश्वका लागि कोरोना भाइरसभन्दा पनि ठूलो चिन्ताको विषय भएको प्रभावशाली अर्थशास्त्री जेफ्री स्याक्शले बताएका छन्।

उनले कोरोनाभाइरस महामारीपश्चात "संसार



कुनै नेतृत्वविनाको ठूलो अस्तव्यस्तताको समयतर्फ बढ्ने" बीबीसीलाई बताए।

दुई ठूला शक्ति राष्ट्रबीचको मतभेदले त्यसलाई अझ नराम्रो स्थितिमा पुऱ्याउने उनको ठम्याइ छ। कोलम्बिया विश्वविद्यालयका प्राध्यापक स्याक्शले दुई देशबीच तनाव चर्किनुमा अमेरिकी प्रशासन जिम्मेवार रहेको आरोप लगाए। बीबीसीको एशिया बिजनेस रिपोर्टका लागि अन्तर्वार्ता दिँदै उनले भने, "अमेरिका विभाजन निम्त्याउने एउटा शक्ति हो न कि सहकार्य गर्ने।"

**तनाव बढ्दो**

व्यापारको विषयलाई मात्र लिएर नभई अन्य कैयौं मुद्दामा अमेरिका र चीनबीच तनाव बढिरहेका बेला अर्थशास्त्री स्याक्शका पछिल्ला टिप्पणी आएका हुन्। केही दिनअघि मात्रै अमेरिकी राष्ट्रपति ट्रम्पले चीनको सिन्जियाङमा मुस्लिमहरूमाथि दमनमा संलग्न भनिएका चिनियाँ अधिकारीहरूविरुद्ध प्रतिबन्ध लगाउने विधेयकमा हस्ताक्षर गर्दै वैधानिकता प्रदान गरेका थिए।

द वाल स्ट्रीट जर्नलसँगको एउटा अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले आर्थिक प्रतिस्पर्धालाई अस्थिर बनाउनका निम्ति चीनले अन्तर्राष्ट्रिय रूपमा कोरोनाभाइरस फैलाउन प्रोत्साहित गरेको हुन सक्ने बताएका थिए । ट्रम्प प्रशासनले खासगरी चिनियाँ दूरसञ्चार कम्पनी ह्वावेई लगायत कम्पनीलाई पनि ट्रम्प प्रशासनले निशाना बनाउँदै आएको छ।

ग्राहकमाथि जासुसी गर्नका निम्ति त्यसको प्रयोग गरेको वाशिङ्गटनले बेइजिङमाथि आरोप लगाउने गरेको छ। तर ह्वावेईले जस्तै बेइजिङले पनि त्यो आरोप अस्वीकार गर्दै आएको छ।

तर पूर्वराष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले आफ्नो नयाँ किताबमा उल्लेख गरेअनुसार चीन र ह्वावेईप्रति ट्रम्पले लिएको कडा अडान पुनः निर्वाचित हुने एउटा रणनीति हुनसक्छ । ह्वावेईलाई निशाना बनाउनु सुरक्षासम्बन्धी चिन्तालाई मात्रै लिएर नभएकोमा प्राध्यापक स्याक्श सहमत देखिन्छन्।

"फाइभ जीको सन्दर्भमा अमेरिका पछि पऱ्यो जुन नयाँ डिजिटल अर्थतन्त्रको एउटा महत्त्वपूर्ण हिस्सा हो। र, ह्वावेईले विश्व बजारमा ठूलो हिस्सा ओगटिरहेको छ।""मेरो विचारमा अमेरिकाले ह्वावेई विश्वका लागि एउटा खतरा हो भन्ने कुराको बहाना बनाइरहेको छ। र ह्वावेईसँग सम्बन्ध तोड्नका निम्ति उसले आफ्ना साझेदारहरूको सहयोग चाहिरहेको छ।"

# भारतका रक्षामन्त्री राजनाथ सिंह रुस प्रस्थान



**एएफपी**

नयाँ दिल्ली । भारतका रक्षामन्त्री राजनाथ सिंह सोमबार रुस प्रस्थान गर्नुभएको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन्।

भारतीय सञ्चारका अनुसार रुससँग प्रतिरक्षाका विषयमा आवश्यक छलफल गर्नका लागि उहाँ त्यसतर्फ प्रस्थान गर्नुभएको बताइएको छ । उहाँ तीन दिने भ्रमणका लागि आज त्यसतर्फ प्रस्थान गर्नुभएको हो।

उहाँ रुसको राजधानी मस्कोमा आयोजना हुने दोस्रो विश्व युद्धमा रुसले जर्मनीको नाजी सरकारमाथि विजय गरेको अवसरमा आयोजना हुने सैनिक परेडमा पनि सहभागी हुनुहुने बताइएको छ।

हालैमा चीन र भारतको सीमा क्षेत्र लद्दाखको गलवानमा चिनियाँ सेनाको आक्रमणमा २० जना भारतीय सैनिक माारिएका थिए।

चीन र भारतबीचको यो विवादपछि भारतका रक्षामन्त्री सिंहको यो भ्रमण हुन लागेको छ। आफू रुसमा रहँदा त्यहाँका रक्षामन्त्रीसँग प्रतिरक्षा विषयमा वार्ता हुने जानकारी उहाँले दिनुभएको थियो।

# बेलायतको रिडिङस्थित पार्कमा छुरा प्रहार, तीन जनाको मृत्यु

**एएफपी**

लन्डन । बेलायतको रिडिङ शहरस्थित एक पार्कमा शनिबार अन्धाधुन्ध आक्रमण हुँदा तीन व्यक्तिको मृत्यु हुनुका साथै अरु तीन जना गम्भीर घाइते भएका छन् । स्थानीय प्रहरीले उक्त आक्रमण आतंकवादी हो वा होइन भन्ने बारेमा अनुसन्धान शुरु गरिएको जनाएको छ। थेम्स भ्याली प्रहरीले एक जना २५ वर्षका व्यक्तिलाई घटनास्थलबाट पक्राउ गरेको जनाएको छ । प्रहरीले गोप्य सूचनाका आधारमा अरु थप आक्रमणको सम्भावना नरहेको र स्थानीयबासीलाई नआत्तिन आग्रह गरेको छ।



गुप्तचर विभाग प्रमुख इयान हन्टरले उक्त आक्रमणको भित्री कारणबारे अनुसन्धान भइरहेको जानकारी दिँदै प्रतिआतङ्कवादी इकाईका गुप्तचरले अनुसन्धान कार्यमा सहयोग गरिरहेको बताउनुभयो। बेलायती सञ्चारमाध्यमले उक्त घटना आतङ्कवादी प्रकृतिको देखिएको र पक्राउ परेका व्यक्ति लिबियाली नागरिक रहेको जनाएका छन्। प्रहरीले पक्राउ परेका व्यक्ति लिबियाली नै रहेको पुष्टि गरेको छ।

प्रधानमन्त्री बोरिस जोन्सनले रिडिङमा भएको घटनाबाट पीडितका परिवारप्रति आफूले गहिरो दुःख प्रकट गरेको बताउनुभएको छ । बेलायतको राजधानी लन्डनबाट करिब ६४ किलोमिटर पश्चिमस्थित रिडिङको फोरबरी गार्डेन पार्कमा साँझपखको घाम तापिरहेका व्यक्तिमाथि साँझ करिब ७ बजे आक्रमण भएको थियो । प्रत्यक्षदर्शीले प्रहरीको कार र हेलिकप्टर तत्कालै घटनास्थलमा पुगेको बताएका छन् । केही मिनेटभित्रै प्रहरीले वरपरका सडक अबरुद्ध गर्नुका साथै घाइतेको उद्धारका लागि दुइवटा एयर एम्बुलेन्स ल्याइएको थियो।

पार्कमा रहेका प्रत्यक्षदर्शी लरेन्स वोर्टले एक जना एक्लो व्यक्ति ठूलो समूहमा रमाइरहेका व्यक्तिको नजिक पुगेर अन्धाधुन्ध छुरा प्रहार गरेको जानकारी दिनुभयो। पार्कका अरु मानिसलाई पनि छुरा हिर्काउँदै ती व्यक्ति पार्कबाहिर भागेका थिए । उक्त घटना हुनुअघि फोरबरी गार्डेनमा अश्वेत नागरिकमाथिको विभेद विरुद्ध एउटा प्रदर्शन गरिएको थियो।

# पाकिस्तानमा लगातार तीन वटा बम बिस्फोट

**एएफपी**

कराँची। पाकिस्तानको सिन्ध प्रान्तमा शुक्रबार भएका तीन वटा बम बिस्फोटनबाट दुई सैनिकसहित चार जनाको मृत्यु भएको छ ।स्थानीय सञ्चारमाध्यमका अनुसार सिन्धुदेश क्रान्तिकारी सेना नामको विद्रोही समूहले ती बिस्फोटको जिम्मेवारी लिएको छ।

एउटा बिस्फोटन सिन्ध प्रान्तका राजधानी कराँचीमा भएको थियो। उक्त आक्रमणमा एक सर्वसाधारण र अर्धसैनिक बलका सदस्यसहित आठ जना अरु घाइते भएका थिए। अर्को बिस्फोटन घोट्की जिल्लामा भएको थियो जसमा दुई सैनिकको ज्यान गएको थियो। तेस्रो बिस्फोटन सिन्ध प्रान्तकै लर्काना जिल्लामा भएको थियो, तर यसमा कुनै क्षति पुगेको थिएन।

**राजर्षिजनक विश्वविद्यालय**
**डीनको कार्यालय**
**रामानन्द चौक, जनकपुरधाम, नेपाल**

**सवारी साधन खरीद सम्बन्धी सिलबन्दी प्रस्तावदर्ता गराउने म्यादथप गरीएको सुचना**

**प्रथम पटक प्रकाशितमिति :- २०७७/०३/०४**

यस राजर्षि जनक विश्वविद्यालय डीनको कार्यालयको आ. व. २०७६/०७७को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सवारी साधन खरीदको मिति २०७७/०३/०४ मा प्रकाशित सिलबन्दी प्रस्ताव आवह्वानको सुचनामा सिलबन्दी प्रस्तावदर्ता गराउने म्यादलाई २०७७/०३/१४ गते दिनको १२:०० बजे सम्मलाई थप गरीएको व्यहोरा सम्बन्धीत सबैमा सुचित गरीन्छ।

**खरीद समिति**

# कृषिको व्यावसायिकरणमा जोड दिँदै प्रदेश र स्थानीय सरकार

खास्यौली । कृषिको व्यावसायीकरणका लागि कार्यक्रम तय गर्दै प्रदेश सरकारको बजेट केन्द्रित गरिएको छ । कृषिको व्यावसायीकरणका लागि स्मार्ट कृषि कार्यक्रम, करिडोर विशेष कार्यक्रम, पकेट क्षेत्र विशेष कार्यक्रम, विदेशबाट आएका युवालाई स्वरोजगारलगायत कार्यक्रम रहेको र त्यसका लागि भूमि व्यवस्था, कृषि तथा सहकारीतर्फ रू चार अर्ब ८६ करोड ३५ लाख विनियोजन भएको छ ।

खेतबारीलाई कृषि प्रसार, अनुसन्धान र शिक्षाको व्यावहारिक थलोका रुपमा जोड्दै करीब ६ हजार कृषक घरधुरीको आयआर्जनमा वृद्धि हुने आधार तय गरेको स्मार्ट कृषि गाउँ कार्यक्रमलाई सबै स्थानीय तहमा विस्तार गरी अनुसन्धानात्मक अभ्यास, विज्ञसेवा, विद्यार्थी परिचालन, क्षमता विकासलगायत कार्यक्रम सञ्चालन गर्न रू ४८ करोड विनियोजन भएको छ । यसबाट समग्र प्रदेशमा कृषिको आधुनिकीकरणको आधारशिला तयार हुने प्रदेश सरकारले विश्वास लिएको छ ।

कोभिड १९ को असहज परिस्थितिमा स्थानीयस्तरमा रहेका उत्पादनमूलक कृषि भूमिको प्रयोग गरी उपलब्ध श्रमशक्तिलाई कृषि तथा पशुजन्य फार्म तथा निजी कम्पनीमा रोजगारी प्रवर्द्धन गरी कृषि श्रमलाई दिगो एवम् सम्मानित पेशाका रुपमा विकास गर्न र कृषिकर्मी तथा कृषि श्रमिकलाई उद्यमी बनाउने नीतिअनुसार बीमा, स्वास्थ्योपचार र सामाजिक सुरक्षासहितको कृषिकर्मी रोजगार कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रू ६ करोड छुट्टाइएको छ। रोजगारी गुमाएका नागरिकको जीविकोपार्जन सुधार गर्न तथा कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्न खाद्य सुरक्षा र आत्मनिर्भरता अभिवृद्धि गर्ने गरी तीन तहका सरकारबीच कार्यक्रमिक सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ ।

> ***खेतबारीलाई कृषि प्रसार, अनुसन्धान र शिक्षाको व्यावहारिक थलोका रुपमा जोड्दै करीब ६ हजार कृषक घरधुरीको आयआर्जनमा वृद्धि हुने आधार तय गरेको स्मार्ट कृषि गाउँ कार्यक्रमलाई सबै स्थानीय तहमा विस्तार गरी अनुसन्धानात्मक अभ्यास, विज्ञसेवा, विद्यार्थी परिचालन, क्षमता विकासलगायत कार्यक्रम सञ्चालन गर्न रू ४८ करोड विनियोजन भएको छ । यसबाट समग्र प्रदेशमा कृषिको आधुनिकीकरणको आधारशिला तयार हुने प्रदेश सरकारले विश्वास लिएको छ ।***

पूर्वपश्चिम तथा उत्तरदक्षिण रोड कोरिडोर केन्द्रित व्यवसायिक कृषि तथा पशुपक्षी उत्पादनलाई प्रोत्साहन गरी दूध, मासु, तरकारी र फलफूलमा आत्मनिर्भर हुने लक्ष्यअनुसार १२ जिल्लाका २४ रोड कोरिडोर विशेष कार्यक्रमका लागि रू १२ करोड विनियोजन भएको छ ।

एक जिल्ला, एक स्रोत केन्द्रको अवधारणानुसार बीउबिजन, नश्लसुधारलगायत उत्पादन सामग्री र प्राविधिक सेवा सुनिश्चित गर्ने गरी स्थानीय तहसँगको सहकार्यमा १२ जिल्लामै स्रोतकेन्द्र स्थापना अघि बढाइने बताइएको छ । नवलपरासीमा पुष्प, रुपन्देहीमा गाई, कपिलवस्तुमा भैँसी, दाङमा मौरी र रेशम खेती, बाँकेमा बाख्रा, बर्दियामा बंगुर, रुकुम(पूर्व)मा भेंडा, प्युठानमा तरकारी बीउ, अर्घाखाँचीमा बाख्रा र कफी, गुल्मीमा कफी र सुन्तला जातका फलफूल, पाल्पामा मसलाबालीको स्रोतकेन्द्र र रोल्पामा मध्य पहाडी बहुउद्देश्यीय कृषि विकास फार्मको स्थापना गर्न रू सात करोड ५० लाख विनियोजन भएको प्रदेश नं ५ को मुख्यमन्त्री कार्यालयले जनाएको छ ।

कृषि क्षेत्रमा सीप र दक्षतासँग आबद्ध गराउँदै ९८३ हरित स्वयंसेवकमार्फत प्रतिस्वयंसेवक कम्तीमा १० कृषकलाई उद्यमी बनाउने नीतिअनुरुप न्यूनतम नौ हजार ८३० उद्यम विकासका लागि रू सात करोड विनियोजन भएको मुख्यमन्त्री कार्यालयका प्रेस संयोजक शेरबहादुर केसीले जानकारी दिनुभयो । रासस

# विकास बजेटमा कमी आउँदैन

धनगढी । प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले विकास बजेटमा कमी नआउने गरी प्रबन्ध गरिएको बताउनुभएको छ । प्रदेशसभामा सोमबार राजश्व र व्ययको अनुमान बजेट वक्तव्यमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै उहाँले बजेट सैद्धान्तिक हिसाबले अनुकूल रहेको बताउनुभयो ।

मुख्यमन्त्री पोखरेलले स्वास्थ्यका क्षेत्रमा राज्यको लगानी पर्याप्त आवश्यक हुने भएकाले स्वास्थ्य पूर्वाधारका क्षेत्रमा उल्लेख्य लगानी बढाउने नीति लिइएको उल्लेख गर्नुभयो । उहाँले खाद्यान्नको अभाव हटाउन कृषि उत्पादन बढाउने विषयमा जोड दिइएको जानकारी दिँदै कोभिड विशेष कार्यक्रमबाट साना किसान कहाँ पुग्ने नीति तय भएको बताउनुभयो ।

रोजगारीको अवसर र स्वरोजगार सिर्जना गर्ने विषयमा बजेटको उच्च प्राथमिकता रहेको छ, उहाँले भन्नुभयो । छलफलमा भाग लिँदै विपक्षी दलका नेता तथा सार्वजनिक लेखा समितिका सभापति डिल्लीबहादुर चौधरीले बजेटले संस्कृतिको संरक्षणमा जोड नदिएको आरोप लगाउँदै ठूला मानिस मोटाउने अनुदानको अर्थ नभएको बताउनुभयो ।

प्रदेशसभाका सदस्य इन्द्रजीत थारुले बजेटमा आर्थिक विकासको सोच भविष्य र वर्तमानमा झल्किएको उल्लेख गर्दै काम गर्ने मनोविज्ञान पुरातन भएको बताउनुभयो ।रासस

# माथिल्लो तामाकोशी : जटिल काम सकिँदै

काठमाण्डु । सरकारले लकडाउन गरेपनि एकाध दिन बाहेक काम नरोकिएको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको सबैभन्दा महत्वपूर्ण र जटिल निर्माणसम्बन्धी काम यसै साता सकिने भएको छ ।

राष्ट्रिय गौरवको आयोजना माथिल्लो तामाकोशीको जटिल मानिएको दुई ठाडो सुरुङको कामसमेत लकडाउनको समयमा उल्लेख्य प्रगति मात्रै भएन सम्पन्न नै हुने चरणमा पुगेको छ । आयोजनाका प्रवक्ता डा.गणेश न्यौपानेका अनुसार कूल ६८३ मिटर लामो दुई ठाडो सुरुङमध्ये २२.५ मिटर मात्रै बाँकी छ । गत असारदेखि ठाडो सुरुङमा पाइप जडानको काम शुरु भएको थियो । वर्षदिनमा जटिल काम सम्पन्न हुन लागेको हो ।



कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङको पाइप जडान सम्पन्न भएको छ । पाइप जडानको काम सकिएपछि अष्ट्रियन कम्पनीले थप कामका लागि भारतीय कम्पनीलाई जिम्मा लगाउँछ । एउटा पाइप राख्न न्यूनतम पाँच दिन लाग्ने भएकाले आगामी शुक्रबारसम्म ठाडो सुरुङमा पाइप जडानको काम सकिनेछ ।

तल्लो ठाडो सुरुङको काम अष्ट्रियन निर्माण व्यवसायी एन्ड्रिज हाइड्रोले गरेको हो । कार्यकुशलता देखाउन नसकेको भारतीय निर्माण व्यवसायी टेक्सम्याकोले लकडाउनको समयमा आफूलाई अब्बल सावित गरेको छ । प्राप्त विवरणअनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमध्ये हालसम्म २८७.५ मिटरमा पाइप जडानको काम भइसकेको छ ।

प्रवक्ता न्यौपानेका अनुसार अब बाँकी २२.५ मिटर मध्ये २० मिटर शुक्रबारसम्म काम सम्पन्न गरिनेछ । बाँकी रहने २.५ मिटर भने तेर्सो पाइपमा जोड्नुपर्ने भएकाले जडानका लागि थप केही समय लाग्नेछ । "सम्पन्न भएको स्थानमा कङ्क्रिट गर्ने काम बाँकी छ, ती काम सँगसँगै अगाडि बढ्छ । एउटा सकारात्मक अवस्थामा हामी पुगेका छौं । लकडाउनको समयमा सहज रुपमा काम हुनु आफैमा खुसीको विषय बनेको छ", प्रवक्ता न्यौपानेले भन्नुभयो । माथिल्लो र तल्लो ठाडो सुरुङको बीचको १०० मिटर लामो सुरुङमा पाइपनै जडान गरिने भएकाले असजिलो काम सकिएपछि निर्माण व्यवसायी सो कामका लागि परिचालित हुनेछ । चालू आव सकिने दिनसम्म आयोजनाको काममा उल्लेख्य प्रगति हासिल हुने विश्वास लिइएको छ ।

कोरोना कहरका बीचमा घरभित्रका नागरिकलाई आशाको सञ्चार भर्ने काम आयोजनाले गरेको छ । विपद्सँग जुध्दै भएका कामले नेपालीलाई एक खालको आत्मविश्वास भरिदिएको छ । लाखौँनेपालीकोआशारभरोसाको केन्द्रविन्दुमा रहेको माथिल्लो तामाकोशीले लकडाउनमा दिएको सन्देश घरभित्रै बस्न बाध्य भएका नेपालीलाई हर्षित तुल्याउने खालको छ ।

आयोजनामा लगानी गर्ने शेयरधनी १० लाख बढी छन् । नियमितरूपमा पूर्ण क्षमतामा काम हुन पाएको भए राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम करिब सम्पन्न हुने अवस्थामा पुग्ने थियो ।


लकडाउनपछि आयोजनाको काम केही समय प्रभावित भयो । एकाध दिन रोकिए पनि आयोजनाले सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अपनाएर काम चालू नै राखियो ।

यसअघि तय गरिएको कार्यतालिकामा निर्माण सकिएको भए दैनिक करिब रु पाँच करोड बराबरको क्षतिसमेत नहुने अवस्था आउने थियो । भूकम्प, नाकाबन्दी र कोरोना कहरसँग जुधेर आयोजनाले आयोजना सम्पन्न हुने चरणमा पुगेको हो ।

यस्तै आयोजनाको सुरुङको तेर्सो स्थानमा जडान हुने केही पाइपको पनि जडानको काम अगाडि बढाउने र घुमेको पाइप जडानको काममा समेत गति दिन लागिएकाले एकाध दिन भित्रै सम्पन्न हुनेछ ।

सुरुङमा ऋङक्रिट लाइनिङ र ग्राउटिङको काम भइरहेको छ । बाँधस्थलको गत वैशाखमानै परिक्षण सम्पन्न भइसकेको छ । प्रसारण लाइन निर्माणको काम पूरा भइसकेको छ । राष्ट्रिय गौरवको आयोजना भएकाले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले लकडाउनको समयमा गृह मन्त्रालयसँग आवश्यक समन्वय गरेर निर्माण सामग्रीको ढुवानीमा सहजीकरण गरिदिनुभएको थियो । रासस

# कंक्रिट सहरका हराभरा कौसी



पोखरा । पोखरा महानगरपालिका-८ शिवालय मार्गकी सरस्वती थापा पेशाले स्टाफ नर्स र औषधी व्यवसायी हुनुहुन्छ । तर अचेल उहाँको परिचयमा यो पनि थपिएको छ- ' एक सफल कौसी खेती किसान ।' उहाँ पोखरामा पछिल्लो समय यो पछिल्लो परिचयबाट अझ बढी परिचित हुन थाल्नुभएको छ । पन्ध्र वर्ष अघिदेखि घरको कौसीमै तरकारी फलाउन थालेकी सरस्वती कौसीमै उत्पादित तरकारीमा आत्मनिर्भर एक सफल कृषक बन्नुभएको छ । कौसीमा सामान्यतया तरकारी खेती गर्ने त अहिले सोख नै भएको छ । तर उहाँ भने कौसीकै तरकारीबाट आत्मनिर्भर भएकोले उहाँको सफलताले अहिले यहाँ चर्चा पनि पाउने गरेको छ ।

बिहान जुरुक्क उठ्दा उहाँको घर अगाडिबाट कैयौँ मानिस बिहानको हिँडाई (मर्निङ वाक) मा देखिन्छन् । तर उहाँको बिहान भने कौसीमा तरकारीसँगै बित्ने गर्दछ । उहाँ सामान्य व्यायामपछि तरकारीको हेरचाहमा व्यस्त हुनुहुन्छ । मौसमी तरकारीका बेर्नादेखि डोरीमा लहलह फलेका काँक्रो, घिरौँला, लौका, सागहरु भ्यान्टा, खुर्सानी गोडमेल र तिनमा एक नजर लगाएपछि उहाँको बिहानको एक/ डेढ घण्टा वितिहाल्छ । थापा भन्नुहुन्छ, "पसिना बगाएसँगै हुर्केका फलहरुमा भेटिएको खुशीको कुनै मुल्य नै नहुने रहेछ ।" "जति आफूले खाँदा आनन्द आउँछ त्यति नै अरुलाई बाँडेर खान पाउँदा पनि मज्जा लाग्छ" आफ्नो अनुभव उहाँले यसरी सुनाउनुभयो । बौद्धिक कृषक परिवारमा हुर्के बढेको प्रभावले कृषि कर्ममा जोडिनुभएकी थापा भन्नुहुन्छ ,"म बौद्धिक कृषक परिवारमा जन्मेँ, मलाई माटोसँग खेल्न सानैदेखि मन पर्थ्यो, सहर बजारमा पर्याप्त जग्गा नभएपछि कौसीमा तरकारी लगाउन थालेँ, घरको भान्छामा खेर गएको फोहोरलाई कम्पोष्ट मल बनाएर प्रयोग गर्दा फोहोर व्यवस्थापन पनि भयो भने ताजा तरकारी खान पनि पाइयो ।"

थापासँग कौसीमा कुनै एक याममा दुई सय केजीसम्म तरकारी फलाएर जोखेको अनुभव पनि छ । कौसी खेतीमा उत्पादन गरेको तरकारीले गत वर्ष हेमजाको आलु महोत्सवमा प्रथम पुरस्कार पनि हात पार्न सफल भएको थियो । थापाको पछिल्लो दिनचर्या कौसीमा तरकारी लगाउन चाहानेहरुलाई तालिम दिन र आवश्यक परामर्शमा जुट्ने गरेर बितेको छ । "अहिले त सहर बजारका धेरै महिला कौसी खेतीतर्फ आकर्षित हुन थाल्नुभएको छ, तर फेसन जस्तो गरेर कौसीखेती गर्दा महँगो हुन्छ । घरमा भएका पुराना भाँडाकुँडा जे छ त्यसैलाई सदुपयोग गर्दै, भान्साको फोहरलाई व्यवस्थापन गर्दै यो खेती गर्दामात्र सस्तो पर्न जान्छ," उहाँले भन्नुभयो । सामाजिक सञ्जालमा देखाउन गरिने कौसी खेतीले आर्थिक भार पर्न जाने अनुभव पनि उहाँले सुनाउनुभयो ।

पोखरा महानगरपालिकाले वडा-वडामा कृषि सञ्जाल गठन गरेको छ । उहाँ वडा नं ८ को संयोजक रहनुभएको छ । थापाले यस वडाका करिब छ सय जनालाई तालिम पनि दिनुभएको छ । यतिखेर वडा नं ८ का अधिकांश घरका छतमा तरकारी लहलह भएको देख्न सकिन्छ । थापाको तालिम र परामर्श यो हरियालीको मुख्य कारक हो भन्न सकिन्छ ।

पोखरा महानगरपालिका-८ न्यूरोडकी सवि शेरचन गौचन बिहान आँखा खोल्ने बित्तिकै कौसी खेती सम्झनुहुन्छ । जुरुक्क उठेर कौसीमा आफूले लगाएको तरकारी दिनप्रतिदिन हर्लक्कै बढेको, फुल फक्रँदै गरेको दृश्यले निकै प्रफुल्लित भएको देख्दा आनन्द लाग्ने उहाँ बताउनुहुन्छ । बिहानको चिसो हावासँग हरियो साग धनियाँ, लसुनलगायतका थाँक्रामा झुलिरहेका घिरौँला, सिमी देख्दा परिश्रम अझै गर्न मनलाग्छ र मेहनेतले नै खुशी दिने रहेछ भन्ने पनि लाग्छ उहाँ भन्नुहुन्छ । गौचन भन्नुहुन्छ, "बन्दाबन्दीको दिनचर्या कौसी खेतीमा विताएँ, धेरै कुरा सिक्ने अवसर पनि मिल्यो, गरेपछि त सबै हुने रहेछ ।" पोखराको महेन्द्रपुलमा नोभा इन्टरनेशनल इन्स्टिच्यूटको डाइरेक्टर गौचन आजीवन सहकारी संस्थाले आयोजना गरेको तालिमबाट प्रेरित भएर कौसी खेतीमा जुटेको बताउनुभयो । "अहिले घरकै पुराना बाल्टि, ड्रम, गमलादेखि प्लाष्टिकका अन्य सामग्री किनेर १० थरी तरकारी लगाएकी छु," गौचनले भन्नुभयो ।

गौचनको कौसीमा लसुन, प्याज, धनिँया, विभिन्न थरिका साग, घिरौँला, लौका, काँक्रो, सिमी, कागती, जिम्मु, पुदिना, भ्यान्टा, कुरीलोलगायतका तरकारी छन् । लटरम्म फलेका कागती हेर्दै रहरलाग्दो भएको छ । तरकारीसँगै मुन्तला, स्टेबेरी, अम्बा, पपिनो मेलेन फलफूलका विरुवा पनि हुर्काइरहनुभएको छ । भान्साबाट निस्केका फोहोरको व्यवस्थापन गर्दै कम्पोष्ट मल बनाउनुभएको छ भने हावाहुरी र असिना पानीबाट जोगाउन टनेल समेत निर्माण गर्नुभएको छ ।

पोखरा चिप्लेढुङ्गामा गुन्यूचोली बुटिक सञ्चालन गर्दै आउनुभएकी सुषमा थापा पाण्डे पनि आफ्नो व्यस्तता छिचोलेर कौसी खेती गर्दै आउनु भएको छ । कृषिकर्मसँग रमाउन मन पराउने उहाँ शहरबजारमा पर्याप्त जग्गाको अभाव भएपनि कौसीको गमलामा तरकारी लगाएर रहर पूरा गरेको बताउनुहुन्छ । पोखरा- ७ मुस्ताङ चोकस्थित उहाँको घरमा अहिले लौका, घिरौँला, बोडी, काँक्रा लहलह भएका छन् । बाह्रमासे लसुन धनिँया, पुदिना भने टुट्दैन । समयको व्यवस्थापनका विषयमा पाण्डे भन्नुहुन्छ "कौसीमा विहान आधादेखी एक घण्टा समय दियो भने हराभरा हुन्छ, घरैमा फलेको अर्गानिक तरकारी टिपेर भान्सामा लान पाउनुको मज्जा पनि बेग्लै हुन्छ ।" उहाँले २५ वटा माछाका क्यारेट, पुराना ग्यालिन, बाल्टिलाई तरकारी फलाउने भाडाको रुपमा प्रयोग गर्दै आउनुभएको छ । भैँसी, कुखुराको मल र पीनाको प्रयोगसँगै भान्साबाट निस्कने फोहोरको व्यवस्थापन गर्दै कौसी खेतीमा प्रयोग गर्नुभएको छ । सामाजिक सञ्जालमा कौसी खेती ग्रुपमा जोडिएर तरकारीमा देखिने समस्याको बारेमा पनि छलफलमा जुट्नुहुन्छ । कुन मौसममा के लगाउने, कसरी लगाउने, मर्न थाले कसरी जोगाउने भन्ने बारे कौसी खेती कृषकहरुले आ-आफ्ना अनुभव र विज्ञता साट्ने गर्छन् । यसले कौसी खेतीप्रति लगाव झन् बढ्दै गएको उहाँको अनुभव छ ।

कौसी खेतीको बारेमा टोलबासीलाई तालिम दिँदै आउनुभएका सेवानिवृत्त क्षेत्रीय कृषि तालिमका प्रमुख बेदकुमार श्रेष्ठ अहिले छतमा फलाउने र भान्सामा पकाउनको लागि कौसी खेतीको महत्व बढ्दै गएको बताउनुहुन्छ, "सानो ठाउँमा घरकै भान्साको फोहोरलाई व्यवस्थापन गरेर नै कौसीमा अर्गानिक तरकारी फलाउन सकिन्छ, यसले घरको शोभा पनि बढाउँछ" कौसी खेतीका लागि मौसम अनुसारको विरुवा छनोट गर्नुपर्ने र हाइब्रिड जातका तरकारी उपयुक्त हुने उहाँको भनाइ छ । पोखरामा अत्यधिक पानी, असिना पर्ने भएकाले कौसीमा लगाएको तरकारी बाली एकैछिनमा नष्ट हुनेतर्फ सतर्क हुनुपर्ने र पूर्व तयारीका साथ कौसीमा तरकारी लगाउनु पर्ने श्रेष्ठले भनाइ छ ।

पछिल्लो समय शहरबजारमा पर्याप्त जग्गाको अभाव हुन थालेपछि कौसी खेतीतर्फ सहबासीको आकर्षण बढ्न थालेको छ ।

त्यस्तै आयातित तथा बजारका तरकारीमा विषादीको मात्रा अत्यधिक प्रयोग हुने गरेका समाचारहरुका कारण पनि अधिकांशले घरको कौसीमै भएपनि धेरैथोर तरकारी लगाउन थालेको पोखरा महानगरपालिका कृषि तथा पशु विकास महाशाखा प्रमुख मनहर कडरियाले बताउनुभयो । रासस


प्रदेश सरकार
प्रदेश नं.२
सामाजिक बिकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जलेश्वर अस्पताल, महोत्तरी

**मेडिकल सामग्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**सूचना नं.: ३/४/०७६/०७७**

**प्रथम पटक प्रकाशित मिति २०७७/३/९**

जिल्ला अस्पताल जलेश्वरमा मेडिकल सामग्रीहरु जडान कार्यको लागि प्रकाशित भएको मितिले ३ दिन भित्र निम्नानुसारको शर्तहरुको अधिनमा रहि ईच्छुक सम्वन्धित ब्यापारीक फर्म कम्पनीहरुलाई सामग्री आपुर्ति गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु** :–

१. शिलबन्दी बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३ औं दिन भित्र कार्यालय समयमा प्रति शिलबन्दी बोलपत्र फारमको रु. ३,०००।– (अक्षरेपी रु. तिन हजार मात्र) जलेश्वर अस्पतालको कोर्ड नं. ३५०००१८०२२ खाता नं. १०००२०००१०००० राजश्व शिर्षक नं.१४२२९ (पछि फिर्ता नहुने गरी) बुझाई शिलबन्दी बोलपत्र दाता वा निजको अधिकृत प्रतिनिधीले ईजाजत पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, यस चालु आ.ब.को नविकरण कागजात, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाण पत्र, कम्पनी वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ यस कार्यालयाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बिक्री भएका बोलपत्र फारम ४ औं दिनको १२:०० बजेभित्र बोलपत्र वा निजको आधिकारीक प्रतिनिधीले रित पूर्वक सहीछाप तथा सिलबन्दी गरी बोलपत्र आफैले वा आफ्नो प्रतिनिधी मार्फत वा कोरोना रोगको बिशेष कारण e-mail:jaleshwarhospital@yahoo.com मार्फत यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे कार्यालयको प्रतिनिधि तथा दरभाउपत्रदाताहरुको प्रतिनिधिको रोहबरमा जलेश्वर अस्पताल, महोत्तरीमा खोलिने छ । बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउ खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र पेश गर्दा साथमा धरौटी जमानत वापतको रकम को.ले.नि.का. महोत्तरीको नाउँमा रहेको रा.बा.बैंक, जलेश्वर स्थित एकल धरौटी खाता नं. १२७०५०२०००००००० मा नगद जम्मा गरेको सक्कलै बैंक भाउचर वा सो रकम बराबरको ने.रा. बैंकको ईजाजत प्राप्त "क" वर्गको बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ४५ दिन म्याद अवधि भएको बैंक जमानत पत्र (Bid Bond) पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी बोलपत्र दताको बोलपत्र स्वीकृत भएपछि सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन) को दफा २७(४) बमोजिम लागत अनुमान भन्दा १५% सम्म कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबुल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटि कबुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबोल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत वापत दाखिला वा सो बराबरको परफरमेन्स बण्ड पेश गरि सम्झौता गर्नुपर्नेछ ।

५. जिल्ला अस्पताल जलेश्वरमा Medical सामग्री आपुर्ति भए पछि बिल भुक्तानी हुँदा नियमानुसार अग्रिम आयकर र ५ (पाँच) प्रतिशत धरौटी कट्टी गरेर भुक्तानी गरिनेछ ।

६. सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. बोलपत्र सम्बन्धी अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयको प्रशासन शाखामा बुझ्न सकिनेछ ।

८. सम्झौताको सूचना प्रकाशित भएको २ दिन भित्र सम्झौता गरिसक्नुपर्ने छ ।

९. सम्झौता पश्चात ५ (पाच) दिन भित्र सामग्री आपूर्ति गर्नुपर्ने छ ।

१०. टेन्डर फारम यस अस्पतालको website www.jaleshwarhospital.com वा सामाजिक बिकास मन्त्रालय प्रदेश नं. २ जनकपुरको website : www.mosd.p2.gov.np बाट download गर्न सकिने छ ।

११. यस सूचनामा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को पछिल्लो संशोधन अनुसार हुनेछ ।

१२. सामानको स्टोकको सुनिश्चितता भएकोलाई ग्राहयता दिइनेछ ।

१३. सामानको स्पेसिफिकेशन अनिवार्य हुनुपर्ने छ ।

| क्र.सं. | सूचना नम्बर | कार्य विवरण | धरौटी रकम/Bid Bond |
|---|---|---|---|
| १ | ३/०७६/०७७ | 1) X-ray 300mA | २३८५०।- |
| २ | ४/०७६/०७७ | 2) CR System | ३७,१००।- |



**विभेदपूर्ण नागरिकता विधेयक फिर्ता गर ।** जनता समाजवादी पार्टी धनुषाका कार्यकताहरु सोमबार साँझ जनकपुरधामको भानुचोकमा प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला दहन गरेका छन् । सात वर्षपछि नागरिकता दिने विधेयकको विरोधमा जनता समाजवादी पार्टी आन्दोलित भएको छ । *तस्वीरः समाजिक संजाल*

# नेकपा कार्यकर्ताको अपहरणपछि हत्या

**टुडे समाचारदाता**

मलगंवा । सर्लाहीमा एक जना ब्यक्तिको अपहरणपछि हत्या गरिएको छ । शनिवार जिल्लाको पश्चिम क्षेत्रमा पर्ने रामनगर गाउँपालिका वडा न. ४ बौहर्वा टोलका ६० वर्षिय रामजनम रायको अपहरणपछि हत्या भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवं डिएसपी मदन कुवँरले जनाए ।



प्रहरी चौकी बौहर्वाको छेउमै घर भएका रायको शव आइतवार दिउँसो बाँसघारीमा गमछाले हातखुट्टा बाँधेर गोली हानी हत्या गरेर फालेको अवस्थामा फेला परेको रामनगर गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद बर्माले जानकारी दिए ।

सर्लाही प्रहरीका प्रवक्ता डीएसपी कुँवरले भने मृतक रायको हातखुट्टा बाँधेर घरेलु हतियार प्रहार गरी हत्या गरिएको घटनास्थलको प्रकृतिबाट देखिएको बताए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको डिएसपी कुवँरले बताए मृतकको घर घटनास्थल भन्दा एक किलोमिटर पूर्वमा पर्छ । उनी नेकपाको स्थानीय कार्यकर्ता भएको नेकपाका स्थानीय नेता कमल बुढाथोकीले जानकारी दिए । घटनाको विषयमा सुक्ष्म तरिकाले छानबिन भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# निर्माण कार्य रोकाउन स्थानीयहरुले घेरे गुठी संस्थान

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नं.२३ का स्थानीयवासीले सोमबार गुठी संस्थान घेराउ गरेका छन ।

बेला कुटिस्थित रहेको गुठीको जमीन भुमाफियाहरुले कब्जा गर्न खोजेपनि गुठी संस्थान र प्रशासन मौन रहेको भन्दै वडा नं २३ का स्थानीयवासीले सोमबार गुठी संस्थान घेराउ गरेको हो ।

जग्गा कब्जा गर्ने कार्य बन्द गर्न उनीहरुले माग गरेका छन । उक्त वडामा रहेको खाली जग्गामा गजेन्द्र नारायण सिंह प्रतिष्ठानको नाममा केही व्यक्तीले बाउन्ड्री लगाउन खोज्दा, स्थानीयवासीले



बिना कागज प्रमाण कुनै काम हुन नदिने भन्दै बाउण्ड्री लगाउन रोकेका छन् ।

गुठी संस्थानलाई ध्यानाकर्षण गराउँदै उनीहरुले गुठी संस्थान घेराउ गरेका थिए । स्थिति बिग्रन थालेपछि सुरक्षाकर्मी पुगेपछि अवस्था समान्य बनेको थियो ।

जिल्ला प्रशासन कार्यालयमा निवेदन दिई कानुनको नियममा रहि प्रकृया अगाडि बढ्‌ाउन आग्रह गरेपछि अवस्था समान्य बनेको थियो ।

# बाराको ४ वटै निर्वाचन क्षेत्रमा कब्रिस्तान छनौट

**टुडे समाचारदाता**

जीतपुर । मुस्लिम आयोग नेपाल अनुगमन समिति बाराले जिल्लाका ४ वटै निर्वाचन क्षेत्रमा कब्रिस्तान छनौट गरेको छ ।

मुस्लिम समुदायमा कसैको कोरोना भाइरसबाट मृत्यु भएको अवस्थामा दाहसंस्कारको लागि मुस्लिम आयोग नेपाल अनुगमन समितिले कब्रिस्तान छनौट गरेको हो ।

अनुगमन समितिले कोरोनाबाट मृत्यु भएको अवस्थामा अन्तिम संस्कारको लागि क्षेत्र नम्बर १ को सिम्रौनगढ नगरपालिका पर्साटोल, क्षेत्र नम्बर २ को महागढिमाई नगरपालिकाको बेतौना, क्षेत्र नम्बर ३ को कलैया उपमहानगरपालिकास्थित बरेवा र क्षेत्र नम्बर ४ को जितपुरसिमरा उपमहानगरपालिकाको हरपुरमा रहेको कब्रिस्तान छनौट गरेको समितीका संयोजक राज महम्मद रायले जानकारी दिए ।

कब्रिस्तान छनोट गरिएको बिषयमा जिल्ला प्रशासन कार्यालय बारालाई समेत औपचारिक रुपमा जानकारी गराईएको संयोजक रायले बताए ।

कब्रिस्तान छनौटको लागि आवश्यक सल्लाह लिन आयोगले जेठ २६ गते कलैयामा मुस्लिम अगुवाहरुको सर्वपक्षीय भेलासमेत आयोजना गरेको थियो ।

# सिरहामा २३ जना संक्रमित थपिए

**मुकेश कुमार यादव**

लहान । सिरहा सदरमुकाममा रहेको सूर्यनारायण सत्यनारायण मरवैता यादव बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा रहेका ४ जना महिला र १९ जना पुरुष गरी थप २३ जनामा कोरोन फेला परेको स्वास्थ्य कार्यालय सिरहाको प्रमुख कृष्णदेव यादबले जानकारी दिएका छन् । पुष्टि भएकोमा ८ देखि ८० वर्षका रहेका छन ।

यससँगै सिरहामा कोरोना भाइरस संक्रमितको संख्या १४६ पुगेको छ । हाल सम्म ५२ जना निको भएर घर फर्केका छन् ।

# सवारी दुर्घटनामा परी दुईको मृत्यु

**रञ्जन यादव**

जीतपुर । बारामा सवारी दुर्घटना हुँदा सोमबार दुई जनाको मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पिलुवाको बङ्गरीपुलमा कार र ट्रकले मोटरसाईकललाई ठक्कर दिदा दुई जनाको मृत्यु भएको हो । दुर्घटनामा परि मृत्यु हुनेमा बाराको निजगढ नगरपालिका वडा नं.१० लाल निवासी ३४ वर्षिय डम्बर लामाको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा परी गम्भिर घाईते भएका सोही स्थानका ४० वर्षिय रामबहादुर मुक्तानको उपचारका लागि जिल्ला अस्पताल कलैया लैजाने क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरिक्षक दिपक श्रेष्ठले जानकारी दिए ।

निजगढबाट पथलैया तर्फ जाँदै गरेको बा. ५२. प. ३९९० नम्बरको मोटरसाईकलाई सोहि दिशाबाट आउँदै गरेको नम्बर नखुलेको कारले पछाडिबाट ठक्कर दिएको थियो ।

विपरित दिशाबाट आउँदै गरेको ना.४.ख.६१६५ नम्बरको ट्रकको ठक्करबाट एक जनाको घटना स्थल मैं र एक जनाको सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण पिलुवाको एम्बुलेन्स अस्पताल लैजाने क्रम्मा मृत्यु भएको प्रहरी नायब उपरिक्षक श्रेष्ठले बताए ।

# सिम्रौनगढ नपाको ४४ करोड ४५ लाखको बजेट

**सिकेन्द्र पासवान**

कलैया । बाराको सिम्रौनगढ नगरपालिकाको चौथो नगरसभा सम्पन्न भएको छ । मेयर बिजयशंकर यादवले आर्थिक बर्ष २०७७/७८ सालको निती तथा कार्यक्रम सार्वजनिक गरेका छन ।

निती तथा कार्यक्रमलाई कार्यन्वयन गर्नका लागि ४४ करोड ४५ लाख ३२ हजार ४ सय २० रुपैयाँको बजेट प्रस्ताव गरेको हो । चालु तर्फ ९ करोड,६ लाख २८ हजार ४ सय २० र पुजीगत तर्फ ३५ करोडको बजेट मेयर यादवले प्रस्तुत गरेका छन् ।

सस्कृति, प्रवर्द्धन, खेलकुद तथा मनोरंजन लैङिक समानता तथा समाजिक समावेसीकरण एवम शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई गरि ३ करोड ६० लाख ४० हजार बजेट छुटयाएको हो । उधोग तथा बाणिज्य, पर्यटन, सहकारी, बितिय क्षेत्र तर्फ १ करोड, १६ लाख, २० हजार, सडक, पुल, सिचाई, भवन तथा शहरी बिकास, उर्जा, संचारतर्फ रु १० करोड, २५ लाख ३६ हजार बिनियोजन गरिएको सो अवश्रमा मेयर यादवले जानकारी गराएका थिए ।




वतावरण तथा बिपत व्यवस्थापन, वन भुसंरक्षण, जलाधार, जलबायु परिवर्तन, ढल ब्यवस्थापन, बारुणयन्त्र संचालनका लागि १ लाख ६८ लाख बिनियोजन गरेको बजेट प्रस्तुत मेयर यादवले गरेका हुन । त्यसैगरि संस्थागत बिकास सेवा प्रभाव सुशासन तर्फ १ करोड ५० लाख र शसर्त कार्यक्रम तर्फ १७ करोड ५५ लाखको बजेट प्रस्ताव मेयर यादवले गरेका थिए ।

सिम्रौनगढ नगरपालिकालाई हराभरा बनाउनका लागि ५० हजार बिरुवा रोप्ने लक्ष्य लिएको भन्दै युवायुवतीहरुलाई नगरभित्र रोजगारीको सृजना गर्ने कामक्रम समेत सो निती तथा कार्यक्रममा समेटिएको छ । सिम्रौनगढमा रहेको ऐतिहासित, पुरातात्वीक एवम सासकृति महत्व बोकेको मठमन्दिरहरुको संरक्षणतथा सम्वर्द्धन गर्नका लागि पनि नगरपालिकाले ठोस रुपले काम अगाडी बढाउनका लागि बजेट छुट्टयाएको मेयर यादवले जानकारी दिए ।

सिम्रौनगढ नगरपालिकाका नगरप्रमुख बिजयशंकर यादवको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको संचालन योजना शाखा प्रमुख जितेन्द्र यादवले संचालन र प्रमुख प्रशासकिय अधिकृत हरिओम प्रसाद जैसवालले गरेका थिए ।

निती तथा कार्यक्रममा वडाअध्यक्षहरु शंकरप्रसाद गुप्ता, अरबिन्द यादव, दामोदर प्रसाद साह, लेखा अधिकृत सुमेन्द्र चौधरी लगायत नगरपालिकाका बिषयगतका प्रमुख, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी, महिला अधिकारकर्मी, प्रहरी प्रशासन, नागरिक अगुवा लगायतको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा नेपालमा प्रजातन्त्र ल्याउन, पंचायतलाई हटाउनका लागि आफनो ज्यानको बाजी थपेर देशका लागि निकै महत्वपुर्ण योग्दान गरेका स्वतन्त्र सेनानी अनुप सहनीलाई उनको योग्दानको कदर गर्दै रु ११ हजार नगर, फलफुल सहित दोसल्ला ओढाई मेयर यादवले सम्मान गरेका थिए ।

सो अवसरमा बोल्दै नेता सहनीले नगरप्रमुख यादवले सिम्रौनगढको पहिचानलाई कायम राख्नका लागि निरन्तरण खेली रहेको योग्दानको चर्चा गर्दे अफै सिम्रौनगढको बिकासलाई तिब्रता दिन सुझाव दिएका थिए ।

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक संजालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरतिका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानून बमोजिम कारवाही हुने व्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# बजेट कार्यान्वयनमा सांसदको आशंका, अबण्डा शिर्षक हटाउन जोड




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ का सांसदले सरकारले ल्याएको बजेट कार्यान्वयनमा शंका व्यक्त गरेका छन् । उनीहरुले बजेट भुजा बितरण गरिए झैं शिर्षकहरुमा छुट्टयाएको बताए ।

आगामी आर्थिक बर्ष २०७७/०७८ का लागि ल्याइएको बजेट उपर सोमबार भएको छलफलमा सहभागी हुँदै सत्ता पक्षका सांसद समेतले सबै शिर्षकमा बजेट राखिएकाले यसबाट प्रदेशको विकास हुन नसक्ने बताए ।

सत्तासिन जनता समाजवादी पार्टीका सांसद परमेश्वर साहले मन्त्रीहरु आफ्नो हिसाबले बजेट छुट्टयाएको देखिएको बताए । उनले छरेर छुट्टयाएको बजेटले प्रदेशको विकास हुन नसक्ने बताए ।

सत्ता पक्षकै सांसद अशोक यादवले बजेटमा अबण्डा शिर्षक राखिएकोप्रति आपत्ति जनाए । उनले यो समयै सच्चयाउन आग्रह गरे ।

सांसद करिमा बेगमले यो तरिकाको बजेट कार्यान्वयनमा आशंका व्यक्त गरिन् । उनले पछिल्ला ३ बर्षको बजेट कार्यान्वयन नभएकाले यसतर्फ सरकारले ध्यान दिनुपर्ने बताइन् ।

सांसद रमेश कुर्मीले पनि बजेट कार्यान्वयन हुन नसकिरहेको बताउँदै बजेट पूर्ण रुपमा व्यवस्थित गरिए मात्र विकास हुने बताए ।

सांसद चमेली देवी दासले बजेट ल्याइएपनि कार्यान्वयन नभइरहेको बताइन् । उनले केहि सांसदलाई करोडौंको योजना र आफूलाई लाखको योजना दिने गरेको भन्दै आपत्ति जनाइन् ।

सांसद बाबुलाल कानुले प्रदेशको ६४ वटै क्षेत्रलाई प्राथमिकता बनाएर बजेट विनियोजन गर्नुपर्ने बताए ।

प्रमुख प्रतिपक्षी नेकपाका सांसद रामचन्द्र मण्डलले प्रत्येक क्षेत्रमा ५ किलोमिटर सडक निर्माणबाहेक कुनै पनि शिर्षकको बजेट फलदायी नरहेको बताए । उनले असमान तरिकाले बजेट विनियोजन गर्दै मन्त्रीहरुले आफ्नो क्षेत्रमा बढी लग्न चाहेको बताए ।

नेकपाकै सांसद राकुमार यादवले बजेटलाई रक्सी पुरानै र बोतल नयाँ भएको टिप्पणी गरे ।

सांसद गोबिन्द बहादुर न्यौपानेले मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत छुट्ट्याइएको सौन्दर्यीकरण बजेट अनुत्पादक भएको बताए ।

सांसद ज्वालाकुमारी साहले थोरै भएपनि ठोस योजना ल्याएर काम गर्नुपर्नेमा त्यसो नगरिएको बताइन् ।

**जनकपुर टुडे मिडिया ग्रुपको अपिल**

- नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।
- खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।
- रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।
- अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोएर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने वस्तु सफा राख्ने ।
- रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।
- माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com